
विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदे विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : १४४ ★ ने. सं. ११४६ तछला थ्व, द्वितीया ★ मङ्गलबार ★ २ असार, २०८३ ★ June 16, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




संयुक्त अधिराज्य (बेलायत) को उत्तरी आयरल्यान्डको बेलफास्टमा आयोजित जातिवादविरोधी र्‍यालीमा सहभागी प्रगतिशील जनसमुदाय जून १४, २०२६ का दिन । संयुक्त अधिराज्यका विभिन्न सहरमा अति दक्षिणपन्थी र जातिवादी शक्तिहरूको अवैध क्रियाकलाप बढेपछि विभिन्न प्रगतिशील जनताको प्रदर्शन पनि बढेको छ । तस्बिर : सिन्ह्वा/झाओ जियासङ

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – २७

**प्रहरी वृत्त महाराजगञ्जमा कार्यरत प्रहरी हवलदार निरज कुमार सिंह :**

२०८२ भदौ २४ गतेका दिन अन्दाजी १० बजेको समयबाट नारायणगोपाल चोक र धुम्बाराही चोकतर्फ तथा चुनदेवी जाने गल्ली सडकबाट जेन्जी आन्दोलनहरूको चहल पहल सुरु हुन थाल्यो । त्यतिबेलासम्म हामीले शान्ति आन्दोलन हो भनी सम्झेका थियौँ । करिब १०:४५ बजेको समयदेखि आन्दोलनकारीहरूको हात हातमा खुकुरी, तरबार, ह्याम्मर, हथौडा, फलामको रड, काठको चिरपट बाँसका लट्ठीहरू र एस.एल.आर. राइफल देखिन थाल्यो । प्रहरी वृत्त महाराजगञ्ज कार्यालय अगाडिको चक्रपथ सडक खण्ड निर्माणधीन रहेको र सोही निर्माणका लागि सोही सडकको दक्षिणतर्फ चुनदेवी जाने सडक पेटी छेउमा ढुङ्गाहरू राखिएको थियो ।

अन्दाजी ११ बजेतिर जेन्जी आन्दोलनका प्रदर्शनकारीहरूले एक्कासि प्रहरी तथा प्रहरी कार्यालयलाई निशाना बनाई ढुङ्गामुढा र पेट्रोल बम प्रहार गर्न थाल्यो । सोही क्रममा आन्दोलनकारीहरूले पेट्रोल बम तीव्ररूपले प्रहार गर्न थाल्यो र प्रहरी कार्यालयको प्राङ्गणमा पार्क गरी राखिएको सरकारी तथा व्यक्तिगत मोटरसाइकलहरू, प्रहरीको जिप तथा भ्यानहरूमा आगो लाग्यो ।

जेन्जी आन्दोलनकारीहरूले कार्यालय अगाडिका तारबारहरू र मुख्य प्रवेशद्वार तोडी भित्र प्रवेश गरी अन्धाधुन्ध विभिन्न धारिलो हात हतियारले ड्युटीमा खटिएको प्रहरीउपर प्रहार गरिरहेका थिए । प्रहरी कर्मचारीहरूलाई कुटपिट गरी बेहोस बनाई आगजनी, तोडफोड गर्दै प्रहरीको हातहतियारसमेत आन्दोलनकारीहरूले लुटपाट गरी कार्यालयमा रहेको मिसिल कागजपत्र फाइलहरू अन्य फर्निचरका सामान झ्यालढोकामा समेत तोडफोड आगजनी गरिरहेका थिए । सोही बेला प्र.स.नि. मिलन राय र प्रहरी जवान उत्तम थापालाई घिसारी घिसारी लछारपछार गर्दै बाहिर सडकमा लगी निर्ममतापूर्वक धारिलो हतियार प्रहार गरिरहेको थियो । शरिरका विभिन्न भागहरूमा गम्भीर चोट लागेको कारण म बेहोसको अवस्थामा थिएँ ।

भदौ २४ गतेका दिन प्रहरीको तर्फबाट आन्दोलनकारीहरूलाई कुनै रोकछेक/बाधा नगर्दा पनि आन्दोलकारीहरूले निशाना बनाई प्रहरी कार्यालयमा आगजनी गर्नुका साथै प्रहरी कर्मचारीहरू प्र.स.नि. मिलन राय र प्र. उत्तम थापालाई कुटपिट गरी घाइते बनाउने प्रहरीलाई कर्तव्य गरी मारेको हो । प्रहरीलाई कुटपिट तथा निर्ममतापूर्वक हत्या गरेको हुँदा आन्दोलनकारीहरूलाई कानुनबमोजिम हदैसम्मको कारबाही हुनुपर्छ ।

**प्रहरी वृत्त जनसेवामा कार्यरत प्रहरी हवल्दार दीपकप्रसाद घिमिरे :**

२०८२ भदौ २३ गतेका दिन म आफू कार्यरत प्रहरी वृत्त जनसेवाका कार्यालय प्रमुख थिएँ । अन्दाजी ११:३० बजेको समयमा प्लेकार्ड बोकेका प्रदर्शनकारीहरूको भीड नारा–जुलुससहित माइतिघर मण्डलाबाट बानेश्वरतर्फ जाँदै गरेको अवस्थामा सोही भीडमा मिसिँदै बुलेट

*बाँकी पृष्ठ ८ मा*

# सरकार संविधानको पालनकर्ता र जवाफदेही बन्नुपर्ने

भक्तपुर, १ असार । २ वडा युवा तथा खेलकुद समितिको आयोजनामा वडाका खेलाडीहरूको भेटघाट तथा सम्मान कार्यक्रम भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

कार्यक्रममा मेयर प्रजापतिले खेलाडीहरू त्याग, तपस्या, धैर्यता र इमानदारीताले नै सफल हुने बताउनुभयो । उहाँले गल्तीबाट पाठ सिकेर पुनः त्यस्ता गल्तीहरू नदोहोर्‍याउने र खेलकुदका नयाँ नयाँ नियमसम्बन्धी अपडेट भएको हुनुपर्ने बताउनुभयो । खेलकुदमा खेलाडीहरूले नयाँ पुस्ता तयार गर्नुपर्ने बताउँदै कति खेलाडीहरू तयार हुँदै छन् र आफूले बनाउँदै छु भन्ने कुरा ख्याल गर्नुपर्ने उहाँले बताउनुभयो । युवा उमेरले होइन विचारले हुने औँल्याउँदै उहाँले नयाँ विचार र सिद्धान्तनिष्ठ मानिस देशको लागि आवश्यक रहेको बताउनुभयो । जवाफदेही, संविधान र कानुनको पालना गर्ने सरकार नै जनताको असल शासक हुने उहाँले बताउनुभयो । विदेशी शक्तिको सेवा गर्ने प्रतिस्पर्धाले नेपालमा धेरै लेण्डुपहरू भइसकेको बताउँदै उहाँले जनता सजग हुनुपर्ने स्पष्ट पार्नुभयो ।

नगर खेलकुद समितिका पूर्वसंयोजक रवीन्द्र खर्बुजाले गलत नेतृत्वले सम्पूर्ण समाज र क्षेत्रलाई नै पछाडि धकेल्ने भएकोले खेलाडीहरू त्यस्ता गलत उद्देश्य प्राप्तिको लागि जान सक्ने सम्भावनालाई कम गर्न राजनीतिक रूपमा सचेत हुनुपर्ने औँल्याउनुभयो । विभिन्न समयमा खेल कूटनीतिले ठुला ठुला युद्ध तरेको स्मरण गर्दै खेलकुद र खेलाडीको भूमिका अहम् रहेको उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिका २ वडाका वडा अध्यक्ष हरिप्रसाद बासुकलाले नेतृत्वको महत्त्वबारे चर्चा गर्दै त्यसले खेल्ने भूमिकाले जुनसुकै क्षेत्रमा सफलता हासिल गर्न सक्ने बताउनुभयो । नगरपालिकाबाट सञ्चालित देको मिबा इतापाके




जग्गा एकीकरणको खोला मापदण्डसम्बन्धी गलत हल्ला फैलाइरहेकोले सत्यतथ्य जानकारी वडा र आयोजनाबाट दिइरहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टी २ वडा एकाइ समितिका प्रतिनिधि गणेशप्रसाद सुवालले खेल सँगसँगै पढाइलाई पनि निरन्तरता दिन सके मात्र जुनसुकै क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने बताउनुभयो । सफा राजनीतिले मात्र सम्पूर्ण समाजलाई माथि उठाउन सक्ने भएकोले खेलाडीहरू सही राजनीति चिन्न अध्ययन गर्नुपर्ने बताउनुभयो ।

जिल्ला भलिबल सङ्घका अध्यक्ष विनोदचरण रायले खेलाडीहरू प्रारम्भिक रूपमा वडा, नगरपालिका, अञ्चल, प्रदेश हुँदै देशकै प्रतिनिधि भएर अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम हुनुपर्ने बताउँदै साहसी, दुःख पीडा सहन सक्ने, पसिना चुहाउन तत्पर आँटिलो व्यक्ति नै देशको जर्सी लगाउन सफल हुने बताउनुभयो । जेनजीको आडमा बनेको अहिलेको सरकारले खेलकुदमा बजेट घटाउनु र एउटा खेललाई मात्र अगाडि बढाउन खोज्नु युवाको भावनाविपरीत भएको उहाँले बताउनुभयो ।

भलिबलका अन्तर्राष्ट्रिय रेफ्री गौतम लासिवाले जुनसुकै क्षेत्रमा पक्षपात हुने भएकाले खेलाडीहरू त्यस्ता पक्षपात, हेलाहोचोविरुद्ध आवाज उठाउन राजनीतिक र सैद्धान्तिक ज्ञान हुनुपर्ने बताउनुभयो ।

टेबुलटेनिसका मुख्य प्रशिक्षक मोहनदास बासुकलाले खेलाडीको मुख्य जग स्थानीय वडा भएकोले जग बलियो बनाउन खेलाडी र सरोकारवालाहरू अग्रसर हुनुपर्ने बताउनुभयो ।

२ वडा युवा तथा खेलकुद समितिका अध्यक्ष पुण्यराम स्वंगमिखाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा वडाबाट प्रतिनिधि भई खेलकुदमा सहभागी खेलाडीहरूलाई प्रमुख अतिथिबाट सम्मान गरिएको थियो । सम्मानित हुनेहरूमा देशव्यापी अन्तर वडा टेबुलटेनिस प्रतियोगितामा कास्य पदक जित्न सफल वडाका खेलाडीहरू, महिला शारीरिक सुगठनमा धर्मश्री पदक विजेता तारा सुवाल र भक्तपुर नगरव्यापी वडाकप फुटसल प्रतियोगितामा सेमीफाइनलसम्म सफल खेलाडीहरू भएको जानकारी समितिका उपाध्यक्ष अजेन्द्रकुमार लघुले दिनुभयो ।

# वाग्मती प्रदेश सरकारले ल्यायो करिब ६८ अर्बको बजेट

हेटौँडा, १ असार । वाग्मती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ६७ अर्ब ९३ करोड रुपैयाँको बजेट सार्वजनिक गरेको छ ।

आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङले प्रदेश सभामा बजेट प्रस्तुत बजेटमा चालुतर्फ २२ अर्ब ९६ करोड रुपैयाँ र पुँजीगततर्फ ४३ अर्ब ९७ करोड रुपैयाँ विनियोजन गरिएको छ । चालु आर्थिक वर्ष २०८२/८३ मा चालुतर्फ करिब २६ अर्ब ४ करोड र पुँजीगततर्फ ४१ अर्ब ४३ करोड रुपैयाँ विनियोजन गरिएको थियो ।

बजेटका लागि कर राजस्वबाट ३० अर्ब १५ करोड, अन्य राजस्वबाट ७ अर्ब ६३ करोड, सङ्घीय वित्तीय हस्तान्तरणबाट १५ अर्ब ३१ करोड, चालू आर्थिक वर्षको बचतबाट १२ अर्ब ७६ करोड र ऋण लगानी फिर्ताबाट ९६ करोड रुपैयाँ स्रोत व्यवस्थापन गरिएको छ ।

चालू आर्थिक वर्षमा ६७ अर्ब ४७ करोड रुपैयाँको बजेट ल्याइएकोमा ४७ अर्ब रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

प्रदेशअन्तर्गतका स्थानीय तहका लागि ६ अर्ब ५१ करोड रुपैयाँ विनियोजन गरिएको छ । अति विपन्न कम्तीमा एक हजार परिवारलाई सुरक्षित आवास निर्माण गरी वितरण गर्न २० करोड रुपैयाँ छुट्याइएको छ ।

*बाँकी पृष्ठ २ मा*

## व्यङ्ग्यचित्र कुनो



# नगर प्रमुख प्रजापतिद्वारा बक्सिङ खेलाडीहरूलाई शुभकामना तथा मार्गनिर्देशन



भक्तपुर, १ असार । वाग्मती प्रदेश खेलकुद विकास परिषद्, वाग्मती प्रदेशद्वारा आयोजित तेस्रो वाग्मती प्रदेश खेलकुद प्रतियोगितान्तर्गत बक्सिङ प्रतियोगितामा सहभागी खेलाडीहरूलाई भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिले सोमबार शुभकामना तथा मार्गनिर्देशन प्रदान गर्नुभयो ।

उहाँले खेलाडीहरूलाई अनुशासन, आत्मविश्वास र खेलभावनासहित प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्न प्रेरित गर्दै भक्तपुरको गौरव उच्च राख्न आग्रह गर्नुभयो । नगर प्रमुख प्रजापतिले खेलकुदले व्यक्तित्व विकास, स्वास्थ्य प्रवर्द्धन तथा राष्ट्रको पहिचान स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले खेलाडीहरूले आफ्नो क्षमता र मेहनतको उत्कृष्ट प्रदर्शन गर्नुपर्ने बताउनुभयो ।

# भक्तपुरमा तीनमहिने साङ्केतिक भाषा तालिम शुभारम्भ



भक्तपुर, १ असार । भक्तपुर नगरपालिकाको आयोजनामा तीनमहिने साङ्केतिक भाषा तालिम सोमबारदेखि सुरू भएको छ ।

तालिमको शुभारम्भ गर्दै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अपाङ्गता भएका व्यक्तिहरूसँगको सञ्चारलाई प्रभावकारी र सहज बनाउन साङ्केतिक भाषा तालिम सञ्चालन गरिएको बताउनुभयो ।

उहाँले ख्वप अस्पताल, नगरपालिकाका विभिन्न शाखा, वडा कार्यालयका कर्मचारी तथा अभिभावकहरूको सहभागितामा तालिम सञ्चालन गरिएको जानकारी दिनुभयो ।

नगर प्रमुख प्रजापतिले नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, पहुँच र सहभागिता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम तथा तालिम सञ्चालन गर्दै आएको उल्लेख गर्दै साङ्केतिक भाषाको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यले तालिम आयोजना गरिएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा भक्तपुर बहिरा सङ्घका अध्यक्ष जयराम पकानेवारले नगरपालिकाले आयोजना गरेको तालिम समावेशी समाज निर्माणका लागि महत्त्वपूर्ण कदम भएको बताउनुभयो । उहाँले आधारभूत तहको तालिमसँगै आगामी दिनमा उन्नत (एड्भान्स) साङ्केतिक भाषा तालिमसमेत सञ्चालन गर्न आवश्यक रहेको धारणा राख्नुभयो ।

तालिममा सहभागीहरूलाई साङ्केतिक भाषाका आधारभूत सीप तथा बहिरा समुदायसँग प्रभावकारी सञ्चार गर्न आवश्यक ज्ञान प्रदान गरिने जनाइएको छ ।


बहिरा सङ्घको तर्फबाट टीकाराम लामिछानेले सहजीकरण गर्नुभएको कार्यक्रममा तालिम सहजकर्ता श्रीराम कासिछ्वाले पनि बोल्नुभएको थियो ।

# भक्तपुर नगरपालिकाद्वारा रासायनिक मल बिक्रेता सहकारीहरूको अनुगमन

भक्तपुर, १ असार । भक्तपुर नगरपालिकाद्वारा गठित कृषि समितिले नेपाल सरकारबाट अनुदान प्राप्त रासायनिक मल बिक्री-वितरण गरिरहेका सहकारी संस्थाहरूको जेठ ३१ र असार १ गते अनुगमन गरेको छ ।

कृषि समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा समितिका सदस्यहरू लक्ष्मीप्रसाद ह्यौंमिखा, न्हुछेराम कोजु, कृष्णलाल किसी, इन्द्रबहादुर प्याठ र कृषि अधिकृत रवि ख्याजुको सहभागितामा जेठ ३१ गते र असार १ गते भक्तपुर नगरपालिकाभित्र सञ्चालित १५ वटा मल बिक्रेता सहकारीहरूको स्थलगत अनुगमन गरिएको हो ।

अनुगमनको क्रममा सहकारीहरूसँग रहेको मलको मौज्दात, वितरणको अवस्था, किसानले मल प्राप्त गरेको विवरण तथा सहकारीहरूले सरकारी मापदण्डअनुसार मल वितरण गरिरहेका छन् वा छैनन् भन्ने विषयमा रुजु गरिएको थियो ।



अनुगमनको मुख्य उद्देश्य वास्तविक किसानले तोकिएको परिमाणमा रासायनिक मल प्राप्त गरेको सुनिश्चित गर्नु, मल वितरण प्रक्रियालाई पारदर्शी बनाउनु, कालोबजारी, मिसावट तथा तोकिएको मूल्यभन्दा बढी शुल्क लिनेजस्ता अनुचित गतिविधि नियन्त्रण गर्नु तथा सहकारीहरूसँग रहेको मौज्दात र वितरणसम्बन्धी तथ्याङ्क अद्यावधिक गर्नु रहेको कृषि समितिले जनाएको छ ।

अनुगमन टोलीले सहकारीका सञ्चालक तथा जिम्मेवार पदाधिकारीहरूलाई मल वितरणमा कुनै पनि प्रकारको भेदभाव नगर्न, तोकिएको मूल्यभन्दा बढी रकम नलिन, मल लुकाएर कृत्रिम अभाव सिर्जना नगर्न तथा कालोबजारीजस्ता गतिविधिमा संलग्न नहुन निर्देशन दिएको छ ।

कृषि समितिले किसानहरूको सहज पहुँच सुनिश्चित गर्दै कृषि उत्पादन वृद्धि गर्न मलको निष्पक्ष, पारदर्शी र व्यवस्थित वितरणमा विशेष ध्यान दिन सहकारीहरूलाई आग्रह गरेको छ ।

# ख्वप बचतमा बाजा प्रशिक्षणका लागि प्रशिक्षार्थीहरूको भेला

भक्तपुर, १ असार । ख्वप बचत तथा ऋण सहकारी संस्था लि. (ख्वप साकोस) द्वारा सञ्चालन गरिने भ्वाइलेन तथा बाँसुरी बाजा प्रशिक्षणका लागि सोमबार प्रशिक्षार्थीहरूको भेला भयो ।

कार्यक्रममा ख्वप साकोसका अध्यक्ष राजकुमार लघुले संस्थाको उद्देश्यअनुसार शेयर सदस्यहरूको सांस्कृतिक स्तर विकास गर्न आउँदो असार ७ गतेदेखि भ्वाइलेन र बाँसुरी बाजाको प्रशिक्षण सञ्चालन गरिने जानकारी दिनुभयो । उहाँले गत वर्ष ३४ जनालाई धाँ बाजा प्रशिक्षण प्रदान गरी नयाँ कलाकार उत्पादन गर्न सफल भएको उल्लेख गर्दै भक्तपुर कलाकारहरूको सहर भएको बताउनुभयो ।

संस्थाका कोषाध्यक्ष लक्ष्मीनारायण सुवालले प्रशिक्षणमा नियमित सहभागिता र निरन्तर अभ्यासले सफलता प्राप्त गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा बाँसुरी गुरु रबिन कपालीले बाँसुरी बाजाको महत्त्व तथा सिकाइ प्रक्रियाबारे जानकारी दिनुभयो भने भ्वाइलेन गुरु श्रीकृष्ण तुइतुईले भ्वाइलेन बाजाको महत्त्व र सिकाइ विधिबारे प्रकाश पार्नुभयो ।

बाँसुरी कलाकार तथा ख्वप साकोस सञ्चालक समिति सदस्य कृष्णप्रसाद आचार्यले प्रशिक्षण व्यवस्थित रूपमा सञ्चालन गरिने जानकारी दिनुभयो । कार्यक्रममा सञ्चालक समिति सदस्य चण्डेश्वरी याकामी तथा प्रशिक्षार्थीहरू विष्णुकुमार बासुकला, डा. रत्नसुन्दर लासिवा, गंगाप्रसाद याकामी, अन्तोस बासुकला, हरिभक्त बासुकला, रीतामैयाँ सुवाल, सुलोचना सुवाल, जेनिता शाक्यलगायतले प्रशिक्षण सफल र व्यवस्थित रूपमा सञ्चालन हुने विश्वास व्यक्त गर्दै तालिम आयोजना गरिएकोमा संस्थाप्रति आभार प्रकट गर्नुभयो ।

भ्वाइलेन तथा बाँसुरी बाजा प्रशिक्षण २०८३ साल असार ७ गते साँझ ६:०० बजेदेखि पुरानो बासु माध्यमिक विद्यालय (सहरी जनस्वास्थ्य प्राङ्गण) मा सञ्चालन हुने भएको छ । प्रशिक्षणमा सहभागी सम्पूर्ण प्रशिक्षार्थी तथा कलाकारहरूलाई आफ्नो बाजा (किट) सहित समयमै उपस्थित हुन हार्दिक अनुरोध गरिएको छ ।

# संस्थालाई सबल बनाउन उपसमितिहरू सक्रिय हुनुपर्ने

भक्तपुर, १ असार । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लिमिटेडको शिक्षा तथा संस्थागत विकास तालिम उपसमितिको आयोजनामा एकदिने 'उपसमितिका सदस्यहरूको क्षमता विकास तालिम' सम्पन्न भयो ।

भक्तपुरको आदर्शस्थित क्लब वाग्मतीमा जेठ ३० गते आयोजित उक्त तालिममा सहकारी संस्थाहरूमा उपसमितिहरूको सक्रियता, भूमिका र उत्तरदायित्वबारे विस्तृत छलफल तथा प्रयोगात्मक सिकाइ भएको छ । तालिमको समापन समारोहमा सहकारी नेतृत्वले हालै जारी अध्यादेशका प्रावधानहरू अव्यावहारिक रहेको र यसले सहकारी क्षेत्रमा बचत फिर्ताको चाप अझ बढाउने खतरा औंल्याएका छन् ।

सङ्घका अध्यक्ष हरिकृष्ण बल्लले सहकारी संस्थाहरूलाई सक्रिय र सबल बनाउन उपसमितिहरू नै मुख्य रूपमा सक्रिय रहनुपर्ने बताउनुभयो । उहाँले उपसमितिका सदस्यहरू सदैव नयाँ ज्ञान




र सीप सिक्न जागरुक हुनुपर्नेमा जोड दिँदै तालिममा सिकेका विषयलाई व्यवहारमा उतार्न निर्देशन दिनुभयो ।

सहकारी संस्थाहरूले आफ्नै आवश्यकता अनुभूति गरेर सङ्घ स्थापना गरेको स्मरण गराउँदै उहाँले हालै जारी सहकारी अध्यादेशले सङ्घलाई तीन वर्षभित्र कारोबार बन्द गरी बचत फिर्ता गर्न दिएको आदेश व्यावहारिक नभएको टिप्पणी गर्नुभयो । यस व्यवस्थाले बजारमा बचत फिर्ताको चाप झन् बढेर सहकारीमा थप समस्या सिर्जना हुने देखिएकोले अध्यादेश तत्काल संशोधन हुनुपर्ने उहाँको भनाइ थियो ।

सङ्घका सचिव एवं उपसमिति संयोजक कान्छाभक्त घजुले संस्थालाई सही दिशामा लैजान उपसमितिको ठूलो भूमिका हुने भन्दै संस्था र सदस्यहरूलाई सबल एवं जागरुक बनाउनुपर्ने विचार राख्नुभयो ।

तालिमका मुख्य प्रशिक्षक एवं नेफ्स्कुन (NEFSCUN) का विभागीय प्रमुख बल्लभ तिमिल्सिनाले संस्थालाई अनुशासित बनाउन र सही मार्ग देखाउन उपसमितिको मुख्य भूमिका रहने प्रस्ट पार्नुभयो । उहाँले तालिमको क्रममा उपसमितिको कार्यक्षेत्र र जिम्मेवारीबारे समूहगत रूपमा प्रयोगात्मक अभ्यास गराउनुभएको थियो ।

सङ्घका शिक्षा तथा संस्थागत विकास तालिम उपसमितिका सदस्य बालमुकुन्द उपाध्यायले व्यस्त समयका बाबजुद सहभागी भई सिकाइप्रति उत्सुकता देखाएकोमा सबैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

उहाँले आगामी दिनमा आयोजना हुने यस्ता कार्यक्रममा पनि सक्रियतापूर्वक सहभागी हुन आग्रह गर्नुभयो ।

सङ्घका उपसमिति सदस्य प्रकाश बास्तोलाले समापन समारोह सञ्चालन गर्नुभएको थियो ।

# के यो सत्य हो ?

रास्वपा सरकारले गएको जेठ १५ गते सङ्घीय संसद्मा आ.व. २०८३/८४ को बजेट सार्वजनिक गर्‍यो भने सोही दिन सरकार प्रमुख बालेन साहले आफ्नो फेसबुकमा 'ढुक्क हुनुहोस्' भनेर लेखेको सार्वजनिक भयो ।

रास्वपा सभापति रवि लामिछाने निकट मानिने प्रमोद न्यौपानेले सरकार प्रमुख साहको काउन्टरमा 'ढुक्क हुनुस्, यसरी चाहिँ बन्दैन' भनेर लेखेको प्रकाशित भयो ।

बालेनका राजनीतिक सल्लाहकार पूर्वसांसद असीम साहका दाजु असिफ साहले प्रमोद न्यौपानेको जवाफमा लेखे– 'ढुक्क हुनुहोस्, बन्ने यसरी नै हो ।' प्रमोद बालेनले बनाएको संविधान संशोधन कार्यदलका संयोजक पनि हुन् ।

# आदर्श आजाद माविमा नवआगन्तुक विद्यार्थीको स्वागत तथा अभिमुखीकरण

भक्तपुर, १ असार । आदर्श आजाद माध्यमिक विद्यालय, भीमसेनस्थान, भक्तपुरमा कक्षा ११ का नव-आगन्तुक विद्यार्थीहरूको स्वागत तथा अभिमुखीकरण कार्यक्रम विद्यालयका प्रधानाध्यापक चक्रबहादुर चाकतुको सभापतित्वमा सम्पन्न भयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिका वडा नं ५ का वडाध्यक्ष योगेन्द्रमान बिजुक्छेंको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले भन्नुभयो, "साहित्य पढेकाले आफ्नो मात्र सोच्दैन, अरुको लागि पनि सोच्छन् । शिक्षकहरूबाट मात्र सिक्ने होइन, आफूसँग भएको ज्ञान र सीप अरुलाई पनि सिकाउनुपर्छ । सहपाठीहरूबाट धेरै कुराहरू सिक्न सकिन्छ । आफूलाई अस्पष्ट भएको कुरा व्यक्तिगत परामर्श लिएर सिक्नुपर्छ । सिक्ने सिकाउने कार्यमा सबैभन्दा महत्त्वपूर्ण कुरा सिकारुको अठोट हो । भौतिक साधन र वातावरणीय तत्त्वहरू मुख्य होइनन् । मानवीय जीवन सङ्घर्षमय हुन्छ । समाजमा सबैसँग मिलेर बस्न सामाजिक भावना हुनुपर्छ ।"

कार्यक्रममा शिक्षकहरू आशाकुमार चिकंबञ्जार, प्रेमजन थापाश्रेष्ठले शिक्षाशास्त्र समूह, राजेन्द्रबहादुर कायस्थले मानविकी समूह, कर्णबहादुर प्रजापतिले कानुन समूहको बारेमा स्पष्ट पार्नुभएको थियो । शिवराम बोहजु, सुभद्रा दुवाललगायतले विभिन्न विषय समूहहरूको क्षेत्र र महत्त्वबारे प्रकाश पार्नुभएको थियो । विषय शिक्षकहरूको परिचय पनि प्रस्तुत गरिएको थियो ।

*वाग्मती...*

प्रदेश खर्चमा मितव्ययिता अपनाउँदै मन्त्रालय तथा निकायहरूको पुनर्संरचनामार्फत चालु खर्चमा ११ प्रतिशत बचत गर्ने लक्ष्य लिइएको छ ।

वाग्मती प्रदेश सभाको एकीकृत प्रशासनिक भवन, प्रदेश सभा भवन र आवास निर्माणका लागि ५१ करोड रुपैयाँ विनियोजन गरिएको छ । प्रदेश राजधानी हेटौंडालाई बृहत्तर हेटौंडा अवधारणाअनुसार साइकल लेनसहित पैदलयात्रामैत्री सडक, नदी करिडोर तथा प्रादेशिक सांस्कृतिक ग्राम विकासका कार्यक्रम अघि बढाइने भएको छ ।

## सङ्क्षिप्त समाचार

# भक्तपुर घरेलु तथा साना उद्योग सङ्घद्वारा बजेट तर्जुमाका लागि राय-सुझाव प्रस्तुत

भक्तपुर, १ असार । भक्तपुर घरेलु तथा साना उद्योग सङ्घले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट तर्जुमाका लागि आफ्ना राय-सुझाव सोमबार भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिसमक्ष प्रस्तुत गरेको छ । नगर प्रमुख प्रजापतिले प्राप्त सुझावलाई आगामी नीति, कार्यक्रम तथा बजेट निर्माण प्रक्रियामा अध्ययन गरी आवश्यकतानुसार समावेश गर्ने प्रतिबद्धता व्यक्त गर्दै नगरको समग्र आर्थिक विकासमा उद्योगी-व्यवसायीहरूको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

# उदय साकोसमा एकदिने टिमुरको छोप तथा चाइनिज सस बनाउने तालिम

भक्तपुर, १ असार । उदय बचत तथा ऋण सहकारी संस्था लिमिटेडको महिला उपसमितिको आयोजनामा आइतबार टिमुरको छोप तथा चाइनिज सस बनाउने तालिम सम्पन्न भयो ।

कार्यक्रममा उपसमिति सदस्य सुलोचना प्रजापति, व्यवस्थापक पुण्यराम गोसाईंलगायतले तालिमको औचित्यबारे चर्चा गर्दै तालिमलाई दैनिक जीवनमा प्रयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

# ताप्लेजुङमा अलैंची महोत्सव हुने

फुङलिङ (ताप्लेजुङ), १ असार । अलैंची प्रवर्द्धन गर्ने उद्देश्यले ताप्लेजुङको आठराई त्रिवेणी गाउँपालिकामा असारको १२ र १३ गते प्रदेशस्तरीय अलैंची महोत्सवको आयोजना हुने भएको छ । ताप्लेजुङमा पहिलोपटक उक्त महोत्सव हुन लागेको महोत्सव मूल समारोह समितिका संयोजक बालचन्द्र आङ्बुहाङले बताउनुभयो ।

आठराई त्रिवेणी गाउँपालिका र कृषि ज्ञान केन्द्र ताप्लेजुङको आर्थिक सहयोगमा हुन लागेको सो महोत्सवमा अलैंचीका बोटबिरुवा तथा फल प्रदर्शनी, अलैंचीबाट उत्पादन हुने खाद्य पदार्थ र स्थानीय उत्कृष्ट अलैंची बगान तथा कमजोर अलैंची बगानको प्रदर्शनी र अवलोकनलगायतका गतिविधि हुने आयोजकले बताउनुभएको छ । महोत्सवमा अलैंची किसान कार्यशाला, अलैंची व्यवसायी र खरिदकर्ता र बिक्रेताबिच अन्तरक्रिया, अलैंची विज्ञ टोलीबिच अलैंचीको आधुनिक खेती र बजार विस्तारसम्बन्धी छलफलको कार्यक्रम रहेको समितिका संयोजक आङ्बुहाङले जानकारी दिनुभयो ।

अलैंची ताप्लेजुङको प्रमुख नगदेबालीको रूपमा रहेको छ । ताप्लेजुङमा तीन हजार ७०० हेक्टर क्षेत्रफलमा अलैंचीखेती हुने गरेको पाइन्छ । ***रासस***

# ट्राफिक प्रहरीद्वारा एकैदिन साढे १० लाख राजस्व दाखिला

काठमाडौं, १ असार । ट्राफिक प्रहरीका अनुसार पछिल्लो २४ घण्टामा दुई हजार २५ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । जसबाट राज्यकोषमा रु. १० लाख ४८ हजार पाँच सय राजस्व दाखिला भएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

मादकपदार्थ सेवन गरेका १००, नियमविपरीत 'राइड सेयरिङ' गरेका १०७, सङ्केत बत्ती उल्लङ्घनकर्ता १३६ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका १६५ जनालाई कारबाही ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार 'लेन' अनुशासन पालना नगर्ने ५८, निषेधित क्षेत्रमा हर्न बजाउने १०९, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने १०५, एकतर्फी सडकमा सवारी चलाउने ११७ र अन्य सवारी नियम पालना नगरेका एक हजार १२८ गरी कुल दुई हजार २५ जनालाई कारबाही गरिएको हो । ***रासस***

# मौरीपालक किसानलाई परागकण वितरण

चितवन, १ असार । यहाँको कालिका नगरपालिकाले मौरीपालक किसानलाई मौरीको आहारा परागकण (पोलन) वितरण गरेको छ । कालिका ६ मा रहेका २७ जना मौरीपालक किसानलाई मौरीको पोलन वितरण गरिएको हो ।

वर्षातको समयमा मौरीले पोलन बनाउन नसक्ने भएकाले किसानलाई पोलन वितरण गरिएको हो । नेपाल मौरीपालक महासङ्घका पूर्वअध्यक्ष शिव शर्माका अनुसार परागकणले मौरीको घार बलियो बनाउन सहयोग गर्ने छ भने यसलाई मौरीको बच्चाको मुख्य आहाराको रूपमा लिइन्छ । उहाँका अनुसार परागकण पर्याप्त भएको समयमा रानीले अण्डा धेरै पार्ने र वर्षात् पछि उत्पादन वृद्धि हुने गर्दछ । पालिकाका उपप्रमुख बिमला तामाङले नगरवासी मौरी उत्पादक किसानलाई परागकण वितरण गर्नुभएको हो । परागकण वितरण गर्दै उहाँले कालिका नगरपालिकाले विगत देखिनै किसानको हितमा काम गर्दै आएको बताउनुभयो ।

मुख्य गरी जीविकोपार्जनसँग सम्बन्धित कामहरूलाई निरन्तरता दिँदै आएको उहाँको भनाइ छ । कालिका -६ का अध्यक्ष टिकाराम रेग्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मौरीको घारका आधारमा परागकण वितरण गरिएको हो । एकजना किसानले मौरीको घारका आधारमा बढीमा २५ किलोसम्म परागकण पाएको उहाँले बताउनुभयो ।

जिल्लामा हाल ६ सय किसानले १९ हजार घार मौरी पाल्दै आएका छन् । तीमध्ये कालिका नगरपालिकामा १०० जना मौरीपालक किसान रहेको पूर्वअध्यक्ष शर्माले जानकारी दिनुभयो । अहिले जिल्लामा प्रतिघार २६ किलो मह वार्षिक रूपमा उत्पादन हुँदै आएको छ । ***रासस***



**लुम्बिनीमा वाकाथुन**

भैरहवा (रूपन्देही) । लुम्बिनी प्रदेश प्रहरी कार्यालयको आयोजनामा सोमबार गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा गरिएको वाकाथुन । आत्महत्या, लागूऔषध, सडक दुर्घटना न्यूनीकरणसम्बन्धी सचेतनामूलक सन्देश दिन वाकाथुनको आयोजना गरिएको हो । ***तस्बिर :*** राधेश्याम विश्वकर्मा/रासस

# भारतले सीमा क्षेत्रको बाँध अग्लो बनाउँदा गौर डुबानको जोखिममा

चन्द्रपुर (रौतहट), १ असार । रौतहटको गौर र भारतको बैरगनिया सीमामा भारतीय पक्षले एकतर्फी रूपमा बनाएको बाँध मर्मतको बहानामा झन् अग्लो र बलियो बनाएको छ । सीमा क्षेत्रको दशगजा वा त्यसको नजिक दुवै देशको सहमतिबिना कुनै पनि भौतिक संरचना निर्माण, विस्तार वा परिवर्तन गर्न नपाइने नियम भए पनि भारतीय पक्षले बाँध मर्मतको बहानामा झन् अग्लो र बलियो बनाएको हो ।

छिमेकी देशको भूभागमा डुबान वा अन्य वातावरणीय क्षति नपुऱ्याउनका लागि एउटा देशले आफ्नो सिमानामा यस्तो संरचना बनाउने प्रावधान छैन । बैरगनिया क्षेत्रको बाँधकै कारण वर्षायाममा बाढीको बहाव थुनिने र त्यसले सदरमुकाम गौरसहित दर्जनौं नेपाली गाउँहरू डुबानमा पर्दै आइरहेको स्थानीय अमित केशरीले बताउनुभयो ।

भारतले आफ्नो भूमि बैरगनियालगायतका बिहारको सहर डुबानबाट बचाउन सीमा क्षेत्रमा १५ फिट अग्लो र पाँच किलोमिटर लामो बाँध बनाएपछि नेपालतिर डुबान हुने गरेको केशरीले बताउनुभयो । भारतीय पक्षले बैरगनियाको पूर्वी क्षेत्रस्थित बाँधको तीनवटा ढोका सुलीसगेट बन्द गर्दै आएका कारण हरेक वर्ष गौर नगर क्षेत्र डुबानमा पर्दै आइरहेको उहाँले बताउनुभयो ।

गौर डुबानमा परेपछि नेपालीले बाँध भत्काउने र सुलीसगेट खोल्छ भनेर भारतीय सीमा सुरक्षा बल (एसएसबी) को टोली हतियारसहित २४ सै घण्टा बाँधमा बस्दै आइरहेका केशरीले जानकारी दिनुभयो ।

बाँध अग्लो हुँदा नेपालतर्फबाट बग्ने लालबकैया र वाग्मती नदीको पानीले निकास नपाउने र पानी 'ब्याक' भएर नेपाली बस्तीमा पस्ने गरेको नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका सचिव तथा गौरवासी गौतम श्रेष्ठले जानकारी दिनुभयो ।

बैरगनिया क्षेत्रको रिङ बाँधमा माटो थपिँदा वर्षायाममा बाढीको बहाव रोकिने र यसले सदरमुकाम गौर र आसपासका क्षेत्रहरू पूर्ण रूपमा डुबानमा पर्ने गरेको श्रेष्ठले बताउनुभयो । गौरमा बाढीको पानी निकास नहुँदा ठूलो धनजनको क्षति हुँदै आइरहेको छ ।

केही वर्षअघि तत्कालीन प्रमुख जिल्ला अधिकारी किरण थापाको पालामा यसरी नै माटो थप्न लाग्दा नेपालका तर्फबाट स्थानीय प्रशासन र सुरक्षा निकाय (सशस्त्र प्रहरी) ले कडा आपत्ति जनाएपछि काम रोकिएको थियो । नेपाल-भारत दुई देशबिचको सहमतिअनुसार सीमारेखाको निश्चित दूरीभित्र एकतर्फी रूपमा बाँध वा सडकजस्ता अग्ला संरचना बनाउन निषेध गरिएको गौर नगरपालिकाका पूर्व नगरप्रमुख अजयकुमार गुप्ताले बताउनुभयो । तर, भारतले आफ्नो भूमि डुबानबाट जोगाउन लगाएको बाँध मर्मतको बहानामा माटो थपेको र चौडाइ पनि बढाइरहेको पूर्व नगरप्रमुख गुप्ताले बताउनुभयो ।

भारतले एकतर्फी रूपमा पूर्वमा वाग्मती नदीदेखि र पश्चिमतर्फ बकैया नदीपारि बन्जराहा गाउँसम्मको पाँच किलोमिटर क्षेत्रसम्म बाँध निर्माण गरेका कारण बर्सेनि गौर नगर क्षेत्र डुबानमा पार्दै आएको उहाँले बताउनुभयो ।

विसं २०७७ मा आफू नगरप्रमुख हुँदा गौर नगरपालिका-२ महादेवपट्टि गाउँस्थित रहेको बकैया नदीमा तटबन्ध गर्दा भारतीय पक्षले अवरोध गरेको तर अहिले भारतले मनपरी ढङ्गले बाँध मर्मतका नाममा अग्लो तथा बलियो बनाइरहेको पूर्वनगरप्रमुख गुप्ताले बताउनुभयो । नेपाल-भारत सीमा क्षेत्रमा भारतले निर्माण गरेको बाँधमुनिको सुलीसगेट (पानी निकास हुने ढोका) बन्द गरेपछि गौरवासी झन् समस्यामा पर्दै आइरहेको उहाँले बताउनुभयो । बाँध र सुलीसगेट नखोलेका कारण गौर हरेक वर्ष डुबानमा परिरहेको उहाँको भनाइ छ ।

यता रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले भारतीय समकक्षी सितामाढी जिल्लाका प्रमुख (डिएम) रुचि पाण्डेसँग बाँधमा माटो थप्ने काम भएको भन्दै ध्यानाकार्षण गराएको बताउनुभयो । डिएम पाण्डेले आफूलाई भारतीय केन्द्रीय सरकारबाटै बाँध मर्मतको काम भएको जानकारी गराएको प्रजिअ भुसालले बताउनुभयो ।

दुई देशको सीमा र अन्तरराष्ट्रिय सन्धिसँग जोडिएको विषय भएकाले केन्द्र सरकारले कूटनीतिक नोट पठाएर यसको स्थायी समाधान खोज्न आवश्यक रहेको भन्दै विगतका मधेस प्रदेशका मुख्यमन्त्रीहरूले सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् ।

भारतले एकपक्षीय रूपमा बाँध बाँधेपछि रौतहटको राजदेवी नगरपालिकाको बेलबिछुवा, ब्रम्हपुरी लक्ष्मीपुर, सदरमुकम गौरको नौवटै वडा र इशनाथ नगरपालिकाको बैरिया, औरैया र बन्जरहा गाउँ बर्सेनि डुबानमा पर्दै आएको छ । सो क्षेत्रमा हरेक वर्ष डुबानका कारण करोडौंको धनजन तथा बालीनालीको क्षति हुँदै आइरहेको छ । ***रासस***



। सम्पादकीय ।

# पदको निम्ति आन्तरिक विवाद

विगतमा सत्तासीन राजनीतिक दलहरूको राजनीति पद, पैसा, सत्ता र भागबन्डामा बितेको थियो । पदकै निम्ति कहिले पार्टी जुट्यो भने कहिले फुट्यो । हरेक क्षेत्रमा भागबन्डा हुन्थ्यो । भागबन्डाको निम्ति तँछाडमछाड हुन्थ्यो । पार्टी एकता भए पनि पदकै कारण जुटेको पार्टी फुटेको विगतको अनुभव छ । आफ्नै पार्टीभित्रको विवाद झन्डै दुईतिहाइ मत प्राप्त रास्वपामा पनि देखिएको छ । पार्टीको जिल्ला र वडा अधिवेशनमा विवादकै कारण कुटाकुट भएको सञ्चारमाध्यममा आएकै हो । यस्तै विवाद नेका, एमाले, राप्रपामा पनि देखिएको छ । पार्टी विवाद र अन्तरभेदबारे असार १ गते प्रकाशित विभिन्न सञ्चारमाध्यमले बताउँछ । उक्त दिन प्रकाशित विभिन्न पत्रिकामा ‘एमालेभित्र चुलिँदो शक्ति सङ्घर्ष पुनर्गठनको बहानामा नेतृत्व विवाद, कार्यकर्ता पङ्क्ति निरास,’ ‘रास्वपाले गुटगत राजनीतिको नियति नभोगोस्’, ‘आन्तरिक खिचलोको दलदलमा ठुला विपक्षी दल एमालेमा पेचिलो बन्दै पुनर्गठनको मुद्दा’, काङ्ग्रेसमा रटान एकताको, अभ्यास फरक पार्टीको’ र रास्वपा प्रदेश / जिल्ला अधिवेशन, फाउन्डर्स भर्सेस फ्लोअर्स आदि छापिएको समाचारले देशका सत्तारुढ मात्र होइन अन्य ठुला दलका नेताहरूको विचार र सिद्धान्तभन्दा पदको निम्ति राजनीति चालू रहेको बताउँछ ।

एमालेका अध्यक्ष केपी ओलीका विश्वासपात्रहरू विष्णु पौडेल र शङ्कर पोखरेल नै अहिले नेतृत्व हस्तान्तरण गर्नुपर्ने र नगरे पार्टी फुट्ने कुरा फलाक्दै छन् । पार्टी पुनगर्ठनको नाउँमा आफूलाई हटाउने चेष्टा गरिरहेको ओलीको आरोप छ । तर, ओली कुनै हालतमा पार्टी नेतृत्व हस्तान्तरण गर्ने पक्षमा छैनन् । सरकारको नेतृत्व गर्न पुगेको रास्वपाको जिल्ला र प्रादेशिक तहका अधिवेशनमा गुट, उपगुटमात्र देखिएको होइन, कार्यकर्तामाझ झडपहरू भए । पार्टीका सांसद र केन्द्रीय सदस्यहरूले रिसइवि साँध्ने र आफ्ना नजिकका या आसेपासेलाई जिताउन दबाब बढेको र शक्तिको होडबाजी चलेको सञ्चारमा आएको छ । राजनीतिक विश्लेषक विजय गुप्ता भन्छन्, “रास्वपामा संस्थापन पक्षलाई पछि पार्टीमा प्रवेश गरेकाहरूले ‘टेक ओभर’ गर्ने जोखिम छ ।” राजनीतिशास्त्रका प्राध्यापक लोकराज बराल भन्छन्,“रास्वपाले आफ्नो टाउको (केन्द्र) बनाइसकेपछि प्रवेश र जिल्ला तहमा सङ्गठन (शरीर) बनाउन लागेको छ । हालसम्मको अधिवेशन हेर्दा पुराना दलको झैँ पारा देखिन्छ ।” रास्वपाभित्र विचारभन्दा व्यक्तिलाई, योगदानभन्दा पहुँचलाई र सिद्धान्तभन्दा स्वार्थलाई प्राथमिकता दिने प्रवृत्ति मौलाउँदै गएको हो कि भन्ने आभास विश्लेषकहरूले गर्न थालेका छन् ।

नेकाभित्र पनि आन्तरिक विवाद चर्केको छ । आगामी महाधिवेशनको तयारीकै क्रममा संस्थापक इतर पक्षले ‘प्रदेशस्तरीय एकता भेला’ आयोजना गरिरहेको छ । इतर पक्षले पार्टी नेतृत्वको निरङ्कुश शैली नस्वीकार्ने तर पार्टी कुनै हालतमा फुट्न नदिने प्रतिबद्धता गरेको छ । नेताहरूले पार्टी नफुट्ने दाबी गरे पनि नेताहरूबिच अविश्वास, गुटगत ध्रुवीकरण र समानान्तर गतिविधि बढिरहेको यथार्थ हो । हुन त नेकामा गुटबन्दी नयाँ अभ्यास होइन । तर, समानान्तर भेलाले नेका विभाजनउन्मुख देखिएको छ । एमालेमा अध्यक्ष केपी ओलीको नेतृत्वलाई निरन्तरता दिने या पार्टी पुनर्गठनको प्रक्रियामा जाने भन्ने विषय तल्लो कमिटीसम्म पुगेको खबर छापामा आएको छ ।

राप्रपा पनि विभाजनको स्थितिमा पुगेको छ । यतिबेला राप्रपाकै नेता धवल शमशेर राणाको छुट्टै भेला आयोजना गरिएको छ । राणा पक्ष अर्को पार्टी गठन गर्ने तयारीमा छ । पार्टीभित्र देखिएका यावत् असन्तोष, अविश्वास आदि पदको निम्ति भएको विश्लेषण छ । देश र जनताको सेवा गर्न स्थापित राजनीतिक दलहरू सत्ता, पद, पैसा, भागबन्डामा लागेकै कारण देशले विकासमा काँचुली फेर्न नसकेको हो । देश ऋणमा डुबेको हो । देश बढी भ्रष्टाचार हुने सूचीमा परेको हो । यही कारण देश परनिर्भर भइरह्यो । देशमा अन्योल र सङ्कट देखिए । यो देशको प्रगतिसूचक होइन ।

# घेराबन्दीग्रस्त समाजवाद वा बर्बरता हामी किन क्युबाको पक्षमा उभिनुपर्छ

✍ कार्लोस मार्टिनेज

केही हप्ताअघि, डोनाल्ड ट्रम्पले पत्रकारहरूलाई भनेका थिए- यसै वर्षको अन्त्यसम्ममा क्युवाली सरकार ढल्ने अपेक्षा गर्छन् । क्युवालाई ‘एक असफल देश भन्दै उनले थपे, “अन्य राष्ट्रपतिहरूले यसलाई ५०-६० वर्षसम्म हेरेर बसे, केही गर्ने प्रयास गरे । लाग्छ, त्यो काम सम्पन्न गर्ने व्यक्ति म नै हुनेछु ।”

विदेशमन्त्री मार्को रूबियोले घोषणा गरेका छन् - “क्युवाले लगातार संयुक्त राज्य अमेरिकाको राष्ट्रिय सुरक्षामा खतरा खडा गरेको छ” । जुन व्यवस्था परिवर्तनका सैन्य कारबाहीहरू अघि भनिने एउटा मानक भूमिका हो ।

न्याय मन्त्रालयले ९५ वर्षीय राउल कास्ट्रोविरूद्ध ३० वर्षअघि घटेका घटनालाई लिएर सङ्घीय अभियोग पत्र सार्वजनिक गरेको छ, जसमा क्युवाले पूर्ण रूपमा कानुनी र न्यायोचित तरिकाले काम गरेको थियो ।

यसैबिच, अमेरिकी नौसेनाको युद्धपोत ‘यूएसएस निमित्ज’ को स्ट्राइक ग्रुप क्यारिबियन सागरमा प्रवेश गरेको छ । क्यारिबियन तथा प्रशान्त क्षेत्रमा, अमेरिकी नौसेनाले विगत केही महिनामा झन्डै २०० जनाको ज्यान लिएको छ र ५७ वटा जलजहाजहरू ध्वस्त पारेको छ; जुन कुनै पनि व्यावहारिक परिभाषाअनुसार अदालत बाहिर गरिएका गैरकानुनी हत्या हुन् ।

अमेरिकाले क्युवाली क्रान्तिलाई सधैँका लागि नामेट पार्ने उद्देश्यका साथ क्युवामाथि आफ्नो आर्थिक, कूटनीतिक र सैन्य दबाबलाई अभूतपूर्व स्तरमा बढाइरहेको छ ।

वासिङटनले क्युवाका लागि कस्तो वैकल्पिक भविष्यको प्रस्ताव गरिरहेको छ ?

यस कुरालाई बुझ्न दिवङ्गत मार्क्सवादी इतिहासकार माइकल प्यारेन्टीद्वारा प्रतिपादित एउटा अवधारणालाई पुनर्जीवित गर्नु उपयोगी हुन्छ ।

आफ्नो १९९७ को पुस्तक ‘ब्ल्याकसर्ट्स एन्ड रेड्स’ मा प्यारेन्टीले औँल्याएका थिए कि वास्तवमै अस्तित्वमा रहेको समाजवादको सम्पूर्ण इतिहासमा चाहे त्यो सोभियत सङ्घ, चीन, भियतनाम, क्युवा, कोरिया वा अन्य जहासुकै होस्, समाजवादी परियोजनालाई शान्तिपूर्वक फस्टाउन दिइएको र त्यसलाई आफ्नो विकासको मोडेल पछ्याउन अनुमति दिइएको एउटा पनि उदाहरण छैन ।

प्रत्येक समाजवादी राज्य साम्राज्यवादी घेराबन्दीको सन्दर्भमा अस्तित्वमा रहेका छन् । समाजवादी राज्यहरूले आक्रमण, तोडफोड, नाकाबन्दी, प्रतिबन्ध, हत्याका प्रयासहरू, कूटनीतिक दण्ड र छद्म युद्धहरूको सामना गर्नु परेको छ ।

प्यारेन्टीको तर्क थियो कि यी कुराहरूलाई ध्यानमा नराखी तपाईं यीमध्ये कुनै पनि समाजको मूल्याङ्कन गर्न सक्नुहुन्न ।

वास्तवमै अस्तित्वमा रहेको समाजवादलाई शान्तिपूर्वक विकास हुन दिइने एउटा काल्पनिक र अमूर्त समाजवादसँग तुलना गर्नु बौद्धिक रूपमा बेइमानी हो । वास्तवमा अस्तित्वमा रहेको समाजवाद, उनकै शब्दमा भन्दा, ‘घेराबन्दीग्रस्त समाजवाद’ (कष्भनभ कयअष्बष्कि) हो । यो जुन परिस्थितिहरूमा निर्माण भएको छ, तिनै परिस्थितिहरूद्वारा यसको स्वरूप निर्धारण र विकृत भएको छ ।

आजको क्युवा घेराबन्दीग्रस्त समाजवादको एक सर्वोत्कृष्ट उदाहरण हो । यो शाब्दिक रूपमै घेराबन्दीमा छ । ६४ वर्ष पुगेर पनि अझै जारी रहेको अमेरिकी नाकाबन्दी अहिलेको आधुनिक इतिहासकै सबैभन्दा व्यापक आर्थिक घेराबन्दी हो ।

विगत केही वर्षहरूमा इन्धन आयातमा ९० प्रतिशतले कटौती भएको छ । देशका कतिपय भूभागहरूले अहिले दैनिक २० घण्टासम्मको लोडसेडिङ व्यहोरिरहेका छन् । अस्पतालहरू आकस्मिक जेनेरेटरको भरमा चलिरहेका छन् ।

औषधि, आधारभूत खाद्यान्न, पार्टपुर्जाहरू, रासायनिक मल यी सबैलाई एउटा यस्तो प्रतिबन्धको चक्रद्वारा सङ्कुचित पारिँदै छ, जसको उद्देश्य जानाजानी भोक र गरिबी निम्त्याउनु र सरकारविरूद्ध असन्तुष्टि पैदा गर्नु हो ।

त्यस्तो घेराबन्दीका बिच पनि समाजवादले क्युवाली जनताका लागि डेलिभरी दिन छोडेको छैन । क्युवाको औसत आयु ७८ वर्ष छ र शिशु मृत्युदर प्रतिहजार झन्डै ५ जना मात्र छ । जुन दुवै सूचक अमेरिकाको भन्दा राम्रो हो । यहाँको साक्षरता दर ९९ प्रतिशतभन्दा माथि छ र शिक्षा प्रणालीले यति प्रचुर मात्रामा डाक्टरहरू उत्पादन गर्छ कि क्युवाले विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ र ‘मेडेसिन्स सान्स फ्रन्टियर्स’ सबै मिलेर पठाउने भन्दा बढी स्वास्थ्यकर्मीहरू विश्वभर निर्यात गर्दछ ।

जब क्यारिबियन क्षेत्रमा आँधीबेहरी (हुरिकेन) आउँछ, क्युवामा सधैँ त्यस क्षेत्रकै सबैभन्दा कम मृत्युदर हुने गर्छ । गत वर्ष ‘ओस्कर’ आँधीले क्युवालाई पहिले र बढी शक्तिशाली रूपमा हिर्काए तापनि त्यहाँ ७ जनाको मात्र ज्यान गयो, जबकि हाइटीमा २३५ जनाको मृत्यु भयो । नाफाको सट्टा जनताका आवश्यकताहरूप्रतिको आधारभूत झुकावले के गर्न सक्छ भन्ने कुराको प्रमाण यही हो ।

समाजवादपछिको क्युवाका लागि वासिङटनको मानक खाका भनेको एक फस्टाउँदो बजार लोकतन्त्र, पर्यटकहरूका लागि स्वर्ग र उपभोक्तावादी युटोपियाजस्तो केही हो, जहाँ मानिसहरू खुसीसाथ आफ्ना टेस्ला गाडीहरू गुडाउँदै नजिकैको मतदान केन्द्रमा गएर अमेरिका समर्थक थुप्रै नवउदारवादी पार्टीहरूमध्ये कुनै एकलाई भोट हाल्छन् । तर, त्यस किसिमको परिकल्पनाको सान्दर्भिकता वा सम्भाव्यतालाई पुष्टि गर्ने कुनै पनि ऐतिहासिक प्रमाण कतै उपलब्ध छैन ।

क्युवाको तुलना हाइटीसँग गर्नु बढी शिक्षामूलक हुनेछ, जुन एक शताब्दीभन्दा बढी समयदेखि निरन्तर अमेरिकी हस्तक्षेप र घुसपैठको शिकार बन्दै आएको छ र आज लगभग हरेक सूचकका आधारमा एउटा मानवीय सङ्कटको अवस्थामा छ ।

अथवा क्युवाको तुलना डोमिनिकन गणतन्त्र, ग्वाटेमाला वा एल साल्भाडोरसँग गर्नु उपयुक्त हुन्छ । ती देशहरू जसले ट्रम्पले अहिले क्युवालाई धम्की दिइरहेको जस्तै व्यवस्था परिवर्तनको पीडा भोगेका थिए र त्यसपछिका दशकहरू आफ्ना नागरिकलाई उत्तरतर्फ (अमेरिका) निर्यात गर्नमै बिताएका छन्, किनकि उनीहरूको आफ्नो देशमा जीवन जीउनै नसकिने भएको थियो ।

हामी आजको क्युवालाई क्रान्तिपूर्वको क्युवासँग पनि तुलना गर्न सक्छौं । फुल्गेन्सियो बाटिस्टाको क्युवा, जहाँ हवाना माफियाहरूको जुवा खेल्ने राजधानी र उत्तर अमेरिकी पर्यटकहरूका लागि एउटा वेश्यालयजस्तो थियो । जहाँ निरक्षरता र बाल कुपोषण रैथाने समस्याका रूपमा थिए, जहाँ देशको ठुलो हिस्सामा रङ्गभेद थियो, जहाँ अमेरिकी नौसैनिकहरू आफ्नो मर्जीअनुसार आउने-जाने गर्थे र राष्ट्रपतिहरू वासिङटनमा चुनिन्थे ।

यो त्यही क्युवा हो जसलाई अमेरिकाले फिर्ता ल्याउन खोजिरहेको छ । धनीहरूका लागि एउटा खेलमैदान, नाम मात्रको बाहेक हरेक रूपमा एउटा उपनिवेश । ट्रम्पले जब क्यास्ट्रो शासनलाई समाप्त पार्न चाहन्छु भन्छन्, उनले कुरा गरिरहेको क्युवा यही हो ।

त्यसैले क्युवाली समाजवाद बचाउन पूर्ण रूपमा योग्य छ । के यसलाई बचाउन सकिन्छ त ? निश्चित रूपमा सकिन्छ । क्युवाली जनता असाधारण रूपमा लचिला छन् र आफ्नो सार्वभौमसत्ता एवं क्रान्तिको रक्षा गर्न प्रतिबद्ध छन् । यसबाहेक, क्युवा एक्लो छैन ।

चीन अहिले क्युवाको सबैभन्दा ठूलो ऊर्जा र पूर्वाधार साझेदार तथा खाद्यान्न र औषधिको एक प्रमुख स्रोत बनेको छ । यसै हप्ता, चिनियाँ र क्युवाली अधिकारीहरूले पेइचिङमा कृषि सहयोगसम्बन्धी वार्ताका लागि भेटघाट गरे, जसलाई ‘साझा भविष्यको क्युवा-चीन समुदाय’ को रूपमा व्याख्या गरिएको थियो ।

त्यसै दिन, चीनले अनुदानमा दिएको ६०,००० टन चामलमध्ये पहिलो १५,००० टन चामल हवाना आइपुग्यो । जसलाई क्युवाका विदेशमन्त्री ब्रुनो रोड्रिगेजले ‘एकता र भ्रातृत्वको नयाँ प्रदर्शन’ भनेका छन् ।

त्यसको शीर्षस्थानमा, चीनले सन् २०२८ सम्ममा टापुभरि ९२ वटा सौर्य पार्कहरूका लागि फाइनान्सिङ गरिरहेको छ । जसले क्युवाको दिउँसोको बिजुली मागको झन्डै आधा हिस्सा धान्ने प्रक्षेपण गरिएको छ ।

एकपटक क्युवाले सूर्यबाट आफ्नै बिजुली उत्पादन गर्न थालेपछि, ऊर्जा नाकाबन्दीको मुख्य हतियार ध्वस्त हुन सुरू हुनेछ ।

चीनको कूटनीतिक समर्थन पनि विशेष उल्लेखनीय छ । चिनियाँ परराष्ट्र मन्त्रालयकी प्रवक्ता माओ निङले यसै हप्ता घोषणा गरिन् कि ‘चीनले क्युवालाई आफ्नो सार्वभौमसत्ता, सुरक्षा र विकास हितको रक्षा गर्न दृढतापूर्वक समर्थन गर्दछ’ । यो एक हप्ताभित्रै आएको यस्तै दोस्रो अभिव्यक्ति हो ।

यसैबिच रुस, भियतनाम, इरान, भेनेजुयला, निकारागुआ, मेक्सिको र ब्राजिल सबैले क्युवालाई व्यावहारिक ऐक्यबद्धता प्रदान गरिरहेका छन् । बेलायतको ‘क्युवा सोलिडारिटी क्याम्पेन’ जस्ता अभियान समूहहरू पनि यसमा जोडिएका छन् । यदि क्युवाले यस कठिन घडीमा आफ्नो मोर्चा सम्हालेर राख्न सक्यो भने, अर्कोतर्फ आकार लिइरहेको बहुध्रुवीय विश्व क्युवाली क्रान्तिजस्ता परियोजनाहरूका लागि धेरै अनुकूल वातावरण साबित हुनेछ ।

त्यसैले पनि क्युवा वर्तमान सङ्कटबाट जोगिनु अनिवार्य छ । यसको विकल्पको स्वतन्त्रता वा लोकतन्त्रसँग कुनै सरोकार छैन ।

यसको विकल्प भनेको मियामी प्रवासमा रहेका क्युवाली सम्भ्रान्तहरूको उदय, पुरानो कुलीनतन्त्रको पुनरागमन र विदेशी पुँजीद्वारा प्रत्येक सार्वजनिक सम्पत्तिको भागबन्डा हुनु मात्र हो । हामीले यल्तसिनको समयको रुसमा वा नेटोको व्यवस्था परिवर्तनको युद्धपछिको लिबियामा यस्तो अवस्था कस्तो हुन्छ भन्ने देखिसकेका छौं ।


रोजा लक्जमबर्गले सन् १९१६ मा, पहिलो विश्वयुद्धको बिचमा, मानवताको छनोटको बारेमा एक सामान्य भनाइको रूपमा ‘समाजवाद वा बर्बरता’ भन्ने शब्दावली प्रतिपादन गरेकी थिइन् । सन् २०२६ को क्यारिबियन क्षेत्रमा भने यो बहसमा रहेको एक ठोस प्रश्न बनेको छ ।

क्युवा ६७ वर्षदेखि विश्वभरका उत्पीडित र शोषितहरूका लागि आशाको किरणको रूपमा उभिएको छ । यो कार्यकर्ताहरूको पुस्ताका लागि प्रेरणाको स्रोत, साम्राज्यवादविरूद्धको प्रतिरोधको प्रतीक र एउटा भिन्न प्रकारको समाज कस्तो हुन सक्छ भन्ने कुराको नमुना बनेको छ ।

यस सङ्कटको घडीमा सिङ्गो विश्व क्युवाको पक्षमा उभिनै पर्छ । हामीले नाकाबन्दीको अन्त्य, प्रतिबन्धहरूको अन्त्य र धम्कीहरूको अन्त्यको माग गर्नैपर्छ । हामीले क्युवाको आत्मनिर्णयको अधिकार, सार्वभौमसत्ता र आफ्नै सर्तहरूमा विकास गर्न पाउने अधिकारको समर्थन गर्नैपर्छ ।

***स्रोत : मर्निङस्टार अनलाइन***

# परामर्शको नाममा अनियमितता बढ्दो !



पाठक पत्र

भक्तपुर क्यान्सर अस्पतालबाट देशभरिका क्यान्सर बिरामीहरूको सेवा भइरहेको छ । यहाँको कार्यालय प्रमुख डाक्टरले दुई वर्षअगाडि प्रमोद ढकाललाई जागिर खुवाउन दैनिक दुई हजार रुपैयाँ दिएर कानुनी र प्रशासनिक परामर्शदातामा नियुक्ति गरे । महालेखा परीक्षकको कार्यालयले ढकाललाई दुई वर्षदेखि खुवाइएको करिब पन्ध्र लाख रुपैयाँ बेरुजुमा लेखेको छ । तर, ढकाललाई दैनिक दुई हजार तलब खुवाउने काम जारी छ । यसमा व्यवस्थापन समितिसमेत आँखा चिम्लँदै छ, किन ?

बिरामीसँग उठाइएको अस्पतालको आम्दानी काम न काजको परामर्श व्यक्तिको लागि अनियमितता गर्ने अस्पतालका अधिकारीहरूलाई सम्बन्धित निकायले कारबाही किन गरेन ? यसअघि NCRS ले यस्तै अनियमितता गरेको हुँदा डाक्टर, नर्स र कर्मचारीको आन्दोलन नै भयो । बिरामीको सेवामा अवरोध पुग्यो । आठ-दस वर्षयता यो अस्पताल नेपाल सरकारको व्यवस्थापनमा भक्तपुर नगरपालिकाको सहयोगमा सुरु भइरहेको छ । तर, फेरि अनियमितताको बादल यो अस्पतालमा देखियो, कस्तो आश्चर्य !?

*- राजेश चिन्तक*

# सर्वहारा क्रान्ति र क्रान्तिकारी नैतिकता
# आत्म-रूपान्तरणको मार्क्सवादी सिद्धान्त -१

✍ हो चि मिन्ह

आफ्नो अस्तित्वको सुरुवातदेखि नै मानव जातिले अस्तित्व रक्षाका लागि प्रकृति - जङ्गली जनावरहरू, मौसम, इत्यादिका विरुद्ध सङ्घर्ष गर्नुपरेको छ । यस सङ्घर्षमा सफल हुन प्रत्येक व्यक्तिले ठुलो सङ्ख्यामा रहेका मानिसहरूको शक्ति, समष्टि र समाजमा भर पर्नुपर्छ । एक्लै उसले प्रकृतिमाथि विजय प्राप्त गर्न र जीवन निर्वाह गर्न सक्दैन ।

अस्तित्व रक्षाका लागि मानिसले गाँस र बास प्राप्त गर्न उत्पादन पनि गर्नुपर्छ । उत्पादन पनि समष्टि र समाजमा नै भर पर्नुपर्छ । एक्लै व्यक्तिले उत्पादन गर्न सक्दैन ।

हाम्रो युग एक सभ्य, क्रान्तिकारी युग भएकोले सबै कार्यहरूमा समष्टि र समाजको शक्तिमा अझ बढी भर पर्नुपर्छ । पहिलेभन्दा अहिले व्यक्ति अलग बस्न सक्दैन बल्कि समष्टिमा सामेल हुनैपर्छ, समाजमा सामेल हुनैपर्छ ।

त्यसकारण, व्यक्तिवाद समष्टिवादको विपरीत जान्छ; समष्टिवाद र समाजवाद पक्कै पनि विजयी हुनेछन् भने व्यक्तिवाद निश्चित रूपमा हराएर जानेछ ।

उत्पादनको पद्धति र शक्तिहरू निरन्तर विकसित र परिवर्तन भइरहन्छन्; त्यसैले मानिसको सोच, सामाजिक व्यवस्था आदि पनि परिवर्तन हुन्छन् । हामी सबैलाई थाहा छ कि विगतदेखि वर्तमानसम्म, उत्पादनको पद्धति रुखका हाँगाहरू र ढुङ्गाका बन्चरोहरूको प्रयोगबाट विकसित भएर मेसिन, बिजुली र आणविक ऊर्जाको प्रयोगसम्म पुगेको छ । सामाजिक व्यवस्थाहरू पनि आदिम साम्यवादबाट दास-स्वामित्व र सामन्तवाद हुँदै पुँजीवादसम्म विकसित भएका छन् । आज लगभग आधा मानव जाति समाजवाद र साम्यवादतर्फ अघि बढिरहेको छ ।

*प्रत्येक क्रान्तिकारीले यो गहिरो गरी महसुस गर्नुपर्छ कि हाम्रो पार्टी मजदुरवर्गको सबैभन्दा उन्नत र सुदृढ सङ्गठन हो । यसले मजदुरवर्ग तथा आम श्रमजीवी जनताको नेतृत्व गर्दछ । वर्तमान समयमा, हाम्रो मजदुरवर्ग सङ्ख्यात्मक रूपमा अझै धेरै नभए तापनि दिनप्रतिदिन विकसित भइरहेको छ । भविष्यमा, जतातत्तै कृषि सहकारीहरू सङ्गठन गरिनेछन्, ग्रामीण भेगमा मेसिनहरूको व्यापक प्रयोग हुनेछ र किसानहरू मजदुर बन्नेछन् । बुद्धिजीवीहरू शारीरिक श्रमसँग राम्ररी परिचित हुनेछन् र मानसिक तथा शारीरिक श्रम गर्नेहरूबिचको भिन्नता बिस्तारै मेटिँदै जानेछ । हाम्रो देशको उद्योग दिनप्रतिदिन विकसित हुनेछ । त्यसैले, मजदुरहरूको सङ्ख्या अझ बढ्दै जानेछ, उनीहरूको शक्ति वृद्धि हुनेछ र मजदुरवर्गको भविष्य महान् तथा गौरवशाली छ ।*

कसैले पनि यस विकास र प्रगतिलाई रोक्न सक्दैन ।

निजी स्वामित्वको सुरुवातसँगै समाज वर्गहरूमा - शोषकवर्ग र शोषितवर्गमा - विभाजित भएको छ, जसले गर्दा सामाजिक अन्तर्विरोध र वर्गसङ्घर्षको उदय भएको छ । जुनसुकै व्यक्ति पनि अनिवार्य रूपमा कुनै न कुनै वर्गमा पर्दछ र कोही पनि वर्गभन्दा बाहिर रहन सक्दैन । साथै, प्रत्येक व्यक्तिले आफ्नै वर्गको विचारको प्रतिनिधित्व गर्दछ ।

पुरानो समाजमा सामन्ती जमिनदार, पुँजीपति र साम्राज्यवादीहरूले अन्य सामाजिक तप्काहरू, विशेषगरी मजदुर र किसानहरूलाई निर्दयीपूर्वक दमन र शोषण गरे । उनीहरूले समाजद्वारा उत्पादित साझा सम्पत्ति लुटे, त्यसलाई आफ्नो निजी सम्पत्तिमा परिणत गरे र मोजमस्तीमा बाँचे । तर, उनीहरूले 'सद्गुण', 'स्वतन्त्रता', 'लोकतन्त्र'... का बारेमा भाषण छाँटिरहे ।


यस दमन र शोषणलाई सधैँभरि सहन अस्वीकार गर्दै मजदुर, किसान र अन्य श्रमजीवी जनताले आफ्नो मुक्तिका लागि र दुष्ट पुरानो समाजलाई एक राम्रो नयाँ समाजमा रूपान्तरण गर्नका लागि क्रान्ति सुरु गरेका छन्, जसमा सबै श्रमजीवी मानिसहरू खुसीसाथ बस्नेछन् र जहाँ मानिसद्वारा मानिसको शोषण निषेध गरिनेछ ।

सफल हुनका लागि, क्रान्तिको नेतृत्व मजदुरवर्ग (सबैभन्दा उन्नत, सचेत, दृढ, अनुशासित र सबैभन्दा व्यवस्थित वर्ग) ले यसको हेडक्वार्टरको रूपमा सर्वहारा पार्टीसँगै गर्नुपर्छ । यो कुरा सोभियत सङ्घ र अन्य समाजवादी देशहरूमा भएको क्रान्तिले अकाट्य रूपमा प्रमाणित गरिसकेको छ ।

क्रान्ति गर्नु, पुरानो समाजलाई नयाँ समाजमा रूपान्तरण गर्नु निकै गौरवशाली तर अत्यन्तै भारी कार्य, एक जटिल, दीर्घकालीन र कठिन सङ्घर्ष हो । पिठ्युँमा भारी बोकेर लामो दुरी तय गर्न बलियो मानिसले मात्र सक्छ । एक क्रान्तिकारीले आफ्नो गौरवशाली क्रान्तिकारी कार्य पूरा गर्नका लागि क्रान्तिकारी नैतिकताको बलियो जग बसाल्नुपर्छ ।

पुरानो समाजमा जन्मिएको र हुर्किएको हुनाले, हामी सबैले आफ्नो सोच र बानीबेहोरामा फरक-फरक मात्रामा त्यस समाजका अवशेषहरू बोकेका हुन्छौँ । पुरानो समाजको सबैभन्दा खराब र खतरनाक अवशेष व्यक्तिवाद हो । व्यक्तिवाद क्रान्तिकारी नैतिकताको विपरीत जान्छ । यसको थोरै मात्र बाँकी रहेको अंशले पनि पहिलो अवसर पाउनासाथ आफ्नो विकास गर्छ, क्रान्तिकारी सद्गुणहरूलाई दबाउँछ र हामीलाई क्रान्तिकारी उद्देश्यका लागि पूर्ण हृदयले सङ्घर्ष गर्नबाट रोक्छ ।

व्यक्तिवाद निकै छली र धोकेबाज कुरा हो, यसले मानिसलाई चलाखीपूर्वक पतनतर्फ लाग्न प्रेरित गर्छ । अनि सबैलाई थाहा छ कि प्रगति गर्नुभन्दा पतन हुनु सजिलो हुन्छ । त्यसैले, यो निकै खतरनाक छ ।



क्रान्तिकारी नेता हो चि मिन्ह

पुरानो समाजका खराब अवशेषहरूलाई त्याग्न र क्रान्तिकारी सद्गुणहरूको विकास गर्नका लागि, हामीले निरन्तर प्रगति गर्न कडा अध्ययन गर्नुपर्छ तथा आफूलाई शिक्षित र परिमार्जित गर्नुपर्छ । अन्यथा, हामी पछाडि हट्ने छौँ र पछि पर्ने छौँ । अन्ततः अगाडि बढिरहेको समाजद्वारा तिरस्कृत हुने छौँ ।

हामीले विद्यालय गएर वा प्रशिक्षण कक्षाहरूमा भाग लिएर मात्र अध्ययन, शिक्षा र आफूलाई परिमार्जित गर्न सक्छौँ भन्ने होइन । प्रत्येक क्रान्तिकारी गतिविधिमा हामीले यो गर्न सक्छौँ र गर्नैपर्छ । भूमिगत क्रान्तिकारी गतिविधिहरू, जनविद्रोह, प्रतिरोधको युद्ध, उत्तरमा समाजवादको वर्तमान निर्माण र राष्ट्रिय पुनःएकीकरणको सङ्घर्ष निकै राम्रा विद्यालयहरू हुन् जहाँ हामी क्रान्तिकारी सद्गुणहरू प्राप्त गर्न सक्छौँ ।

क्रान्तिकारी सद्गुण भएका मानिसहरू न त कठिनाइ, कष्ट वा असफलतासँग डराउँछन्; न त उनीहरू हिचकिचाउँछन् वा पछि हट्छन् । पार्टी, क्रान्ति, वर्ग, राष्ट्र र मानव जातिको हितका लागि उनीहरू आफ्नो व्यक्तिगत स्वार्थ र आवश्यक परेमा आफ्नो ज्यानसमेत बलिदान दिन कहिल्यै हिच्किचाउँदैनन् । यो क्रान्तिकारी नैतिकताको निकै स्पष्ट र उच्च अभिव्यक्ति हो ।

हाम्रो पार्टीमा, कमरेडहरू ट्रान फु, न्गो जिया तु, ले होङ फोङ, नुयेन भान कु, होआङ भान थु, नुयेन थि मिन्ह खाई र अन्य धेरैले जनता र पार्टीको हितका लागि आफ्नो ज्यान उत्सर्ग गर्नुभएको छ, जसले सार्वजनिक हितप्रति पूर्ण समर्पण र पूर्ण निःस्वार्थताको शानदार उदाहरण प्रस्तुत गरेको छ ।

क्रान्तिकारी सद्गुण भएका मानिसहरू सरल र विनम्र रहन्छन् । अझ बढी कष्टहरूको सामना गर्न तयार हुन्छन्; कार्य क्षेत्रमा रहँदा कसरी सबैभन्दा ठुलो पुरस्कार प्राप्त गर्ने भन्ने कुरा सोच्नुको सट्टा आफ्नो कार्यलाई कसरी उत्कृष्ट रूपमा पूरा गर्ने भन्नेबारे सोच्दछन् । हामीले विगतका उपलब्धिहरूको घमण्ड गर्ने र विशेष सुविधाहरू दाबी गर्ने वा नोकरशाही, अहङ्कार र भ्रष्टतामा लिप्त हुने कुराबाट बच्नैपर्छ । यो पनि क्रान्तिकारी नैतिकताकै अभिव्यक्ति हो ।

सङ्क्षेपमा, क्रान्तिकारी नैतिकतामा निम्न कुराहरू समावेश हुन्छन् :

आफ्नो जीवन पार्टी र क्रान्तिका लागि सङ्घर्ष गर्नमा समर्पित गर्नु । यो सबैभन्दा आवश्यक बुँदा हो ।

पार्टीका लागि कडा परिश्रम गर्नु, पार्टी अनुशासनको पालना गर्नु र पार्टीका नीति तथा कार्यरेखाहरू लागू गर्नु ।

पार्टी र श्रमजीवी जनताको हितलाई आफ्नो व्यक्तिगत स्वार्थभन्दा अगाडि र माथि राख्नु । पूर्ण हृदयले जनताको सेवा गर्नु । पार्टी र जनताका लागि निःस्वार्थ रूपमा सङ्घर्ष गर्नु र हरेक दृष्टिकोणबाट अनुकरणीय बन्नु ।

मार्क्सवाद-लेनिनवादको अध्ययन गर्न प्रयास गर्नु र आफ्नो वैचारिक स्तर बढाउन, आफ्नो काममा सुधार गर्न र आफ्ना कमरेडहरूसँगै मिलेर प्रगति गर्न निरन्तर आत्म-आलोचना र आलोचनाको प्रयोग गर्नु ।

प्रत्येक क्रान्तिकारीले यो गहिरो गरी महसुस गर्नुपर्छ कि हाम्रो पार्टी मजदुरवर्गको सबैभन्दा उन्नत र सुदृढ सङ्गठन हो । यसले मजदुरवर्ग तथा आम श्रमजीवी जनताको नेतृत्व गर्दछ । वर्तमान समयमा, हाम्रो मजदुरवर्ग सङ्ख्यात्मक रूपमा अझै धेरै नभए तापनि दिनप्रतिदिन विकसित भइरहेको छ । भविष्यमा, जतातत्तै कृषि सहकारीहरू सङ्गठन गरिनेछन्, ग्रामीण भेगमा मेसिनहरूको व्यापक प्रयोग हुनेछ र किसानहरू मजदुर बन्नेछन् । बुद्धिजीवीहरू शारीरिक श्रमसँग राम्ररी परिचित हुनेछन् र मानसिक तथा शारीरिक श्रम गर्नेहरूबिचको भिन्नता बिस्तारै मेटिँदै जानेछ । हाम्रो देशको उद्योग दिनप्रतिदिन विकसित हुनेछ । त्यसैले, मजदुरहरूको सङ्ख्या अझ बढ्दै जानेछ, उनीहरूको शक्ति वृद्धि हुनेछ र मजदुरवर्गको भविष्य महान् तथा गौरवशाली छ ।

यसले संसारलाई र आफूलाई पनि परिमार्जित गर्नेछ ।

क्रान्तिकारीले यो कुरा स्पष्टसँग महसुस गर्नुपर्छ र मजदुरवर्गको दृष्टिकोणमा दृढतापूर्वक अडिग रहनुपर्छ, ताकि समाजवाद र साम्यवादका लागि, मजदुरवर्ग र सम्पूर्ण श्रमजीवी जनताका लागि पूर्ण हृदयले सङ्घर्ष गर्न सकियोस् । क्रान्तिकारी नैतिकता भनेको पार्टी र जनताप्रतिको पूर्ण बफादारी हो ।

हाम्रो पार्टीले मजदुरवर्ग र श्रमजीवी जनताको हितबाहेक अन्य कुनै स्वार्थ बोक्दैन । त्यसैले, यसको तत्कालीन उद्देश्य उत्तरमा समाजवादको क्रमिक निर्माण र देशको पुनःएकीकरणका लागि सङ्घर्ष गर्नु हो ।

पार्टीको नेतृत्वमा हाम्रा जनताले वीरतापूर्वक लडे, औपनिवेशिक र सामन्ती शासनलाई ढाले र हाम्रो देशको उत्तर भागलाई पूर्ण रूपमा मुक्त गरे । यो एउटा ठुलो सफलता थियो । तर, क्रान्ति अझै पूर्ण रूपमा विजयी भइसकेको छैन । पार्टीको वर्तमान लक्ष्य राष्ट्रिय पुनःएकीकरणका लागि सङ्घर्ष गर्नु हो, ताकि एक शान्त, पुनःएकीकृत, स्वतन्त्र, लोकतान्त्रिक र समृद्ध भियतनामको निर्माण गर्न सकियोस्, देशभरि मानिसद्वारा मानिसको शोषणको अन्त्य गर्न सकियोस् र सबैका लागि खुसी तथा प्रचुरतायुक्त नयाँ समाजको निर्माण गर्न सकियोस् ।

यद्यपि, हाम्रो उद्योग अझै पनि पिछडिएको छ । भ्रातृ देशहरू, विशेषगरी सोभियत सङ्घ र चीनको भ्रातृपूर्ण सहयोगका कारण यो विकसित भइरहेको छ । हाम्रो प्रयास सफल हुनका लागि, हाम्रा मजदुरहरूले एकापसमा प्रतिस्पर्धा गर्नुपर्छ र अझ बढी, छिटो, राम्रो र कम खर्चिलो रूपमा उत्पादन गर्न प्रयास गर्नुपर्छ, श्रम अनुशासनको पालना गर्नुपर्छ र आफ्ना उद्योगहरूको व्यवस्थापनमा सक्रिय रूपमा सहभागी हुनुपर्छ : हामीले फजुल खर्च र हिनामिनाको विरोध गर्नुपर्छ । हाम्रा कार्यकर्ताहरू साँच्चिकै मेहनती, मितव्ययी, इमानदार तथा सदाचारी हुनुपर्छ र मजदुरहरूसँगै श्रममा जोडिनुपर्छ ।

हाम्रा किसानहरूलाई जमिन बाँडिएको छ, जसले गर्दा उनीहरूको जीवनमा आंशिक सुधार आएको छ । तर, उत्पादनको पद्धति अझै छरिएको र पिछडिएको छ; त्यसैले उत्पादन अझै धेरै बढ्न सकेको छैन र जीवनस्तरमा सामान्य मात्र सुधार भएको छ । उत्पादनमा ठोस वृद्धि ल्याउनका लागि हाम्रा ग्रामीण भेगहरूमा श्रम-आदानप्रदान टोलीहरू ( काम सघाउने समूहहरू) र सहकारीहरू स्थापना गर्ने अभियानलाई व्यापक र दृढतापूर्वक अगाडि बढाउनुपर्छ; तब मात्र हाम्रा किसानहरू गरिबीबाट मुक्त हुन सक्छन् र उनीहरूको अवस्थामा सुधार आउन सक्छ ।

त्यसकारण, क्रान्तिकारी नैतिकता भनेको पार्टीको उद्देश्य प्राप्त गर्न प्रयास गर्नु, मजदुरवर्ग र श्रमजीवी जनताको इमानदारीपूर्वक सेवा गर्नु र कहिल्यै विचलित नहुनु हो ।

पार्टी र श्रमजीवी युवा सङ्घका अधिकांश सदस्य तथा अधिकांश कार्यकर्ताहरूले यसै गरेका छन् तर केहीले भने गरेका छैनन् । उनीहरू गलत ढङ्गले सोच्छन् कि अब उत्तरबाट औपनिवेशिक र सामन्तीहरूलाई धपाइसकिएको हुनाले क्रान्ति सफलतापूर्वक सम्पन्न भइसकेको छ । यही कारणले गर्दा उनीहरूले आफूभित्र व्यक्तिवादलाई बढ्न दिन्छन्, सुखसुविधा र आरामको माग गर्छन् । सङ्गठनद्वारा सुम्पिएको जिम्मेवारी पूरा गर्नुको सट्टा आफ्नो रुचिअनुसारको काम रोज्न चाहन्छन् । उनीहरू उच्च पद त चाहन्छन् तर जिम्मेवारीबाट पन्छिन्छन् । उनीहरूको सङ्घर्षशीलता र ऊर्जा बिस्तारै कमजोर हुँदै जान्छ र उनीहरूको क्रान्तिकारी साहस तथा उदात्त सद्गुणहरू पनि घट्दै जान्छन् । उनीहरू बिर्सन्छन् कि एक क्रान्तिकारीको प्रमुख कसि भनेको पार्टी र क्रान्तिका लागि आफ्नो सम्पूर्ण जीवन सङ्घर्ष गर्ने दृढ सङ्कल्प हो ।

**स्रोत :** ***https://en.prolewiki.org***

# हर्मुज खुल्ने सहमति, युद्धविराम विस्तारको प्रयास



इस्लामावाद, १ असार (एपी) । संयुक्त राज्य अमेरिका र इरानबिच हर्मुज जलघाँटी पुन: खोल्ने तथा इरान युद्धमा लागू रहेको अस्थिर युद्धविरामलाई थप विस्तार गर्ने उद्देश्यसहित प्रारम्भिक अन्तरिम सम्झौता भएको घोषणा गरिएको छ । यदि यो सम्झौता कार्यान्वयनमा आयो भने विश्व बजारमा तेल र प्राकृतिक ग्यासको आपूर्ति पुन: सहज भई ऊर्जा सङ्कटको जोखिम घट्ने तथा विश्व अर्थतन्त्रमा स्थिरता आउने अपेक्षा गरिएको छ ।

यद्यपि सम्झौताका पूर्ण विवरण तत्काल सार्वजनिक गरिएको छैन । इरानले भने औपचारिक हस्ताक्षर नभएसम्म कुनै पनि प्रावधान कार्यान्वयनमा नल्याइने स्पष्ट पारेको छ । प्रमुख मध्यस्थकर्ताको भूमिका खेलेको पाकिस्तानका अनुसार सम्झौतामा हस्ताक्षर आगामी शुक्रबार स्विट्जरल्यान्डमा हुन सक्नेछ । यो सहमतिले मध्यपूर्वमा हजारौँको ज्यान लिएको युद्ध अन्त्य गर्ने सम्भावित मार्ग खोल्न सक्ने विश्लेषण गरिएको छ ।

तर प्रारम्भिक सहमतिले सुरुदेखि नै अनेक चुनौतीको सामना गरिरहेको छ । विशेषगरी लेबनानमा इरान समर्थित हिजबुल्लाह र इजरायलबिच जारी तनावले वार्तालाई प्रभावित गर्ने जोखिम देखिएको छ । आइतबार इजरायलले बेरुतको दक्षिणी क्षेत्रमा आक्रमण गरेपछि क्षेत्रीय तनाव पुन: बढेको थियो ।

सम्झौताअन्तर्गत सबैभन्दा जटिल विषय इरानको अत्यधिक समृद्ध युरेनियम भण्डार र आणविक कार्यक्रमको भविष्य हो । यी विषयमा समाधान खोज्न पक्षहरूलाई ६० दिनको समय दिइएको छ । सन् २०१५ मा भएको आणविक सम्झौतामा यस्ता विषय टुङ्ग्याउन वर्षौं लागेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो पहिलो कार्यकालमा उक्त सम्झौताबाट अमेरिका बाहिरिएको निर्णय गरेपछि तनाव क्रमश: बढ्दै युद्धको अवस्थामा पुगेको थियो ।

ह्वाइट हाउसमा आफ्नो ८० औँ जन्मदिनको अवसरमा आयोजित कार्यक्रममा ट्रम्पले सामाजिक सञ्जालमार्फत युद्धविराम प्रयासलाई स्वागत गर्दै हर्मुज जलघाँटी खुलाउन तथा अमेरिकी नौसैनिक नाकाबन्दी हटाउने आदेश दिएको घोषणा गरेका थिए । तर उनले शुक्रबार औपचारिक हस्ताक्षर नभएसम्म जलघाँटी पूर्ण रूपमा सञ्चालनमा नआउने पनि स्पष्ट पारे ।

इरानका उपविदेशमन्त्री काजेम घारिबाबादीले सरकारी टेलिभिजनमार्फत सम्झौताको पुष्टि गर्दै हस्ताक्षरपछि मात्रै कार्यान्वयन सुरु हुने बताउनुभयो । उहाँका अनुसार कतारको मध्यस्थतामा भएको वार्तापछि यो समझदारी सम्भव भएको हो ।

इजरायलले भने यस विषयमा तत्काल कुनै औपचारिक प्रतिक्रिया दिएको छैन । इजरायलले दक्षिणी लेबनानमा आफ्ना सैन्य कारबाही जारी राख्ने विषयमा विशेष जोड दिँदै आएको छ । फेब्रुअरी २८ मा अमेरिका इजरायलसँग मिलेर युद्धमा संलग्न भएको थियो ।

सम्झौताप्रतिको आशावादले अन्तर्राष्ट्रिय बजारमा तत्काल प्रभाव देखिएको छ । बेन्चमार्क ब्रेन्ट कच्चा तेलको मूल्य प्रतिब्यारेल चार डलरभन्दा बढीले घटेको छ भने एसियाली शेयर बजारमा उल्लेख्य वृद्धि देखिएको छ ।

पाकिस्तानका प्रधानमन्त्री शाहबाज सरिफले सबै पक्षले लेबनानसहितका सबै मोर्चामा सैन्य गतिविधि स्थायी रूपमा अन्त्य गर्ने घोषणा गरेको जानकारी दिनुभएको थियो । तर इजरायलले यस विषयमा औपचारिक सहमति जनाएको छ वा छैन भन्ने अझै स्पष्ट छैन ।

पाकिस्तानी अधिकारीहरूका अनुसार आगामी ६० दिनभित्र इरानको आणविक कार्यक्रमलगायत बाँकी विवादित विषयमा व्यापक वार्ता हुनेछ । आवश्यक परे समयसीमा थप लम्ब्याउन सकिने पनि जनाइएको छ । इरानी सरकारी सञ्चारमाध्यमले सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयलाई उद्धृत गर्दै युद्ध तत्काल अन्त्य हुने र अमेरिकी नाकाबन्दी पूर्ण रूपमा हटाइने जनाएको छ ।

वार्ताको संवेदनशीलताका कारण नाम नखुलाउने सर्तमा बोल्ने अधिकारीहरूका अनुसार १७ घण्टा लामो छलफलपछि कतारी मध्यस्थकर्ताहरू तेहरानबाट फर्किएका थिए । यस साताभित्र दोहामा पक्षहरूसँग छुट्टाछुट्टै प्राविधिक बैठक हुने तयारी छ ।

शुक्रबार हुने हस्ताक्षर समारोहमा इरानको प्रतिनिधित्व कसले गर्ने भन्ने अझै तय भएको छैन । अमेरिकी उपराष्ट्रपति जेडी भान्सले ह्वाइट हाउसले सहभागीहरूको सूची अन्तिम रूप दिइरहेको बताउनुभएको छ । उहाँ स्वयं उपस्थित हुने सम्भावना रहेको र राष्ट्रपति ट्रम्प पनि सहभागी हुन सक्ने सङ्केत दिनुभएको छ ।

युद्धले इरानभित्र राजनीतिक परिवर्तन पनि ल्याएको छ । प्रारम्भिक आक्रमणमा सर्वोच्च नेता आयातोल्लाह अली खामेनी मारिएपछि उहाँका छोरा आयातोल्लाह मोजताबा खामेनी नयाँ सर्वोच्च नेता बन्नुभएको छ । उहाँ सार्वजनिक रूपमा नदेखिए पनि सम्झौताका लागि उहाँको स्वीकृति अनिवार्य मानिएको छ ।

विश्लेषकहरूका अनुसार सम्झौता सफल भए पनि विश्व ऊर्जा आपूर्ति पूर्ण रूपमा सामान्य अवस्थामा फर्किन समय लाग्न सक्छ । ढुवानी र बीमा कम्पनीहरूले दीर्घकालीन स्थायित्वको सुनिश्चितता खोजिरहेका छन् । उता इरानसँग अझै पनि ठुलो मात्रामा ब्यालेस्टिक क्षेप्यास्त्र र उच्च समृद्ध युरेनियम रहेको बताइन्छ, जसले भविष्यमा फेरि तनाव बढ्न सक्ने चिन्ता कायम राखेको छ ।

अमेरिकाले सम्झौताअन्तर्गत इरानबाट समृद्ध युरेनियम हटाउन माग गरेको छ । रुसले उक्त सामग्री आफ्नो नियन्त्रणमा लिन प्रस्ताव गरेको भए पनि इरानले आफ्नो युरेनियम भण्डार कायम राख्ने अडान सार्वजनिक रूपमा दोहोर्‍याउँदै आएको छ । यही विषय आगामी वार्ताको सबैभन्दा कठिन मुद्दा बन्ने अनुमान गरिएको छ ।

# फिफा विश्वकपमा इरान टोली : राजनीति र खेलबिच दबाब

लस एन्जलस, १ असार (एएफपी) । विश्वकपको मैदानमा प्रवेश गर्नुअघि नै राजनीतिक तनाव, भिसा विवाद र विरोध प्रदर्शनको छायाँले इरानको तयारी प्रभावित भएको प्रशिक्षक अमिर घालेनोईले बताउनुभएको छ । तर उहाँले आफ्ना खेलाडीहरू कुनै पनि 'हाइप' वा प्रचारमा नअल्मलिई पूर्ण रूपमा खेलमा केन्द्रित रहने दाबी गर्नुभएको छ ।

अमेरिका र इरानबिच महिनौँदेखि जारी सैन्य द्वन्द्वका बिच केही इरानी टोली सहयोगीहरूलाई भिसा अस्वीकार गरिएको विषयले टोलीलाई कूटनीतिक दबाबमा पारेको छ । आयोजक अमेरिका, मेक्सिको र क्यानाडाले संयुक्त रूपमा आयोजना गरिरहेको विश्वकपमा इरानले पहिलो खेल सोमबार लस एन्जलसमा न्युजिल्यान्डविरुद्ध खेल्दै छ ।

खेलअघि टोलीलाई प्रहरी मोटरसाइकल एस्कर्टसहित प्रशिक्षण मैदानसम्म पुर्‍याइएको थियो । त्यहाँ इरानी शासनविरोधी प्रदर्शनकारीहरूको सानो समूहले टोलीलाई स्वागत गरेको थियो । इरानी डायस्पोराका केही समूहले स्टेडियम बाहिर ठूला प्रदर्शन गर्ने तयारी गरेका छन् भने सरकारविरोधी ब्यानर देखिएमा टोलीले मैदान छोड्न सक्ने चेतावनीसमेत दिइएको छ ।

यसैबिच पत्रकार सम्मेलनमा प्रशिक्षक घालेनोईले टोलीको उद्देश्य केवल फुटबल खेल्नु रहेको स्पष्ट रूपमा बताउनुभयो । उहाँले भन्नुभयो, "हामी राम्रो खेल खेल्न आएका हौँ, उच्च स्तरको प्रदर्शन दिन आएका हौँ । हामी कुनै पनि प्रचार वा बाहिरी विषयमा ध्यान दिँदैनौँ ।" उहाँका अनुसार प्रत्येक देशका टोलीले आफ्नै चुनौतीहरू सामना गर्नुपर्छ र ती सबै फुटबलसँग प्रत्यक्ष सम्बन्धित हुँदैनन् ।

उहाँका अनुसार इरानको प्रतिनिधित्व देशभित्र र विदेशमा रहेका सबै इरानी जनताका लागि गरिएको हो । उहाँले फुटबललाई राजनीतिबाट अलग राख्नुपर्नेमा जोड दिँदै आफूहरू राजनीतिक व्यक्ति नभएको स्पष्ट पार्नुभयो ।

उहाँको पत्रकार सम्मेलन अमेरिका र इरानबिच शान्ति सम्झौता घोषणा भएको केही समयपछि भएको हो । शान्ति सम्झौताको घोषणाले युद्धविराम र हर्मुज जलघाँटी खुलाउने विषयलाई प्राथमिकतामा राखेको छ । तर विश्वकपमा देखिएको राजनीतिक संवेदनशीलता यसअघि नै खेल वातावरणमा स्पष्ट रूपमा महसुस गरिएको छ ।

इरान मात्र नभई, अन्य टोली र अधिकारीहरू पनि भिसा तथा प्रवेशसम्बन्धी समस्याबाट प्रभावित भएको बताइएको छ । केही रेफ्रीहरूलाई समेत अमेरिका प्रवेश अनुमति नदिइएको घटनाले प्रतियोगिताको निष्पक्षतामाथि प्रश्न उठाएको छ ।

इरानी स्टार स्ट्राइकर मेहदी तारेमीले प्रतियोगिताको वातावरणले खेलाडीको मनोबल र खेलको आनन्द दुवैमा असर पारेको बताउनुभएको छ । उहाँका अनुसार शान्ति र उत्सवको सन्देश दिने फुटबलमै यस्तो तनाव आउनु दु:खद् हो ।

यसैबिच, इरानले सुरुमा अमेरिकामा प्रशिक्षण शिविर राख्ने योजना बनाएको भए पनि अन्तिम समयमा मेक्सिकोको टिजुआनामा स्थानान्तरण गरिएको थियो । प्रशिक्षक घालेनोईले बारम्बार स्थान परिवर्तनले तयारीमा असर परेको स्वीकार गर्नुभयो । "हामीसँग पर्याप्त समय थिएन, तर कठिनाइलाई अवसरमा बदल्ने हाम्रो संस्कार छ", उहाँले भन्नुभयो । इरान अहिलेसम्म विश्वकपको नकआउट चरणमा पुग्न सकेको छैन । समूह 'जी' मा इरानसँगै बेल्जियम र इजिप्टजस्ता बलिया टोलीहरू रहेका छन् ।

लस एन्जलस नजिकैको कार्सन क्षेत्रमा प्रशिक्षण सत्र बाहिर करिब २५ जना प्रदर्शनकारीहरू भेला भई इरानको वर्तमान शासनको आलोचना गरेका थिए । उनीहरूले टोलीले जनताको प्रतिनिधित्व नगरेको दाबी गरेका थिए । एक प्रदर्शनकारी सतगिन जलालीले टोलीलाई 'इरानी जनताको प्रतिनिधि नभएको' आरोप लगाउँदै स्टेडियमभित्र थप प्रदर्शन हुने चेतावनी दिनुभयो ।

अर्का प्रदर्शनकारी सोरात दाराबीले इरानभित्र अभिव्यक्ति स्वतन्त्रता सीमित रहेको दाबी गर्दै आफूहरू विदेशमा इरानी जनताको आवाज बन्न खोजिरहेको बताउनुभयो । उहाँका अनुसार देशभित्र इन्टरनेट बन्द हुने र विरोध गरेमा दमन हुने अवस्था रहेको छ ।

## विश्व सङ्क्षेप

# कब्जा कायम राख्ने इजरायलको घोषणा

तेलअभिभ (इजरायल), १ असार (एपी) । इजरायलका रक्षामन्त्री इजरायल काट्जले सोमबार स्पष्ट रूपमा इजरायल लेबनान, सिरिया र गाजापट्टीमा हाल नियन्त्रणमा रहेको भूमिबाट पछि नहट्ने अडान सार्वजनिक गर्नुभएको छ । अमेरिका र इरानबिचको अन्तरिम शान्ति सम्झौता अघि बढिरहेको सन्दर्भमै आएको यो अभिव्यक्तिले क्षेत्रीय तनाव अझै कायम रहेको सङ्केत दिएको छ ।

अमेरिका-इरान सम्झौताको औपचारिक हस्ताक्षरका लागि शुक्रबार जेनेभामा वार्ता हुने तयारी भइरहेका बेला इजरायलको यो पहिलो आधिकारिक प्रतिक्रिया सार्वजनिक भएको हो । पाकिस्तानले मध्यस्थकर्ताका रूपमा उक्त भेटवार्ताको जानकारी दिएको छ ।

रक्षामन्त्री काट्जका अनुसार इजरायलले लेबनान, सिरिया र गाजापट्टीमा हाल नियन्त्रणमा रहेका क्षेत्रहरू 'अनिश्चितकालसम्म' आफ्नो नियन्त्रणमा राख्ने योजना बनाएको छ । उहाँले लेबनानमा हिजबुल्लाहविरुद्ध जारी सैन्य कारबाही रोक्न इरानसँग भएको अन्तरिम समझदारीलाई पनि शङ्कास्पद रूपमा व्याख्या गर्नुभयो ।

उहाँले इरानले इजरायलमाथि कुनै पनि आक्रमणको प्रयास गरेमा इजरायलले कडा प्रतिकार गर्ने चेतावनी दिँदै 'ठुलो बल प्रयोग' गर्ने सङ्केत गर्नुभयो ।

पछिल्ला दुई वर्षभन्दा बढी अवधिमा इजरायलले गाजा, लेबनान र सिरियाका विभिन्न क्षेत्रहरूमा करिब एक वर्गकिलोमिटर भूभाग नियन्त्रणमा लिएको छ । यो आकार न्युयोर्क सहरभन्दा केही सानो रहेको बताइएको छ ।

# सुडानमा ड्रोन आक्रमण तीव्र पाँच महिनामा एक हजार बढीको मृत्यु : संयुक्त राष्ट्रसङ्घ

जेनेभा, १ असार (एएफपी) । संयुक्त राष्ट्रसङ्घका मानव अधिकार प्रमुख भोल्कर टर्कले सुडानमा युद्धका क्रममा ड्रोनको प्रयोग तीव्र रूपमा बढेको भन्दै गम्भीर चिन्ता व्यक्त गर्नुभएको छ । उहाँका अनुसार सन् २०२६ को पहिलो पाँच महिनामा मात्र ड्रोन आक्रमणका कारण एक हजारभन्दा बढी नागरिकको मृत्यु भएको छ ।

जेनेभास्थित संयुक्त राष्ट्र मानव अधिकार परिषद्लाई सोमबार सम्बोधन गर्दै टर्कले सुडानको द्वन्द्व झन् जटिल र घातक बन्दै गएको बताउनुभयो । उहाँले भन्नुभयो, "सुडानमा द्वन्द्वको विस्तारसँगै ड्रोन युद्धको प्रयोगमा उल्लेखनीय वृद्धि भएको छ । जनवरीदेखि मे २०२६ सम्म हाम्रो कार्यालयले ड्रोन आक्रमणबाट मारिएका एक हजारभन्दा बढी नागरिकको विवरण अभिलेखीकरण गरेको छ ।"

सुडानमा नियमित सेना (साफ) र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स ( आरएसएफ) बिच अप्रिल २०२३ देखि जारी युद्धमा ड्रोनको प्रयोग क्रमश: प्रमुख सैन्य रणनीतिको रूपमा विकसित हुँदै गएको छ ।

टर्कले देशभर बलात्कार तथा यौन हिंसाका घटना व्यापक रूपमा फैलिएको उल्लेख गर्दै नागरिकमाथि भइरहेका मानव अधिकार उल्लङ्घनप्रति गहिरो चिन्ता व्यक्त गर्नुभयो ।

सुडानको द्वन्द्वले हालसम्म दसौँ हजार मानिसको ज्यान लिइसकेको छ भने एक करोड १० लाखभन्दा बढी मानिस विस्थापित भएका छन् । संयुक्त राष्ट्रसङ्घले यस अवस्थालाई विश्वकै सबैभन्दा ठूलो विस्थापन तथा भोकमरी सङ्कटमध्ये एकको रूपमा वर्णन गरेको छ ।

# इथियोपियामा दर्दनाक बस दुर्घटनामा कम्तीमा २८ को मृत्यु

आदिस अबाबा, १ असार (एएफपी) । उत्तरी इथियोपियामा सोमबार भएको दर्दनाक बस दुर्घटनामा कम्तीमा २८ जनाको ज्यान गएको छ भने अन्य धेरै यात्रु घाइते भएको स्थानीय अधिकारीहरूले जनाएका छन् । बस सडकबाट चिप्लिएर गहिरो खोलामा खस्दा ठूलो मानवीय क्षति भएको हो ।

अम्हारा क्षेत्रको डेसी सहरबाट राजधानी आदिस अबाबातर्फ जाँदै गरेको बस करिब १०० मिटर (३३० फिट) गहिरो खोलामा खसेको बताइएको छ । स्थानीय अधिकारीहरूले सामाजिक सञ्जाल फेसबुकमार्फत घटनाबारे जानकारी दिँदै दुर्घटनापछि उद्धार तथा अनुसन्धान कार्य जारी रहेको बताएका छन् ।

अधिकारीहरूका अनुसार २८ जनाको मृत्यु भएको पुष्टि भइसकेको छ भने अन्य यात्रुहरू गम्भीर र सामान्य रूपमा घाइते भएका छन् । घाइतेहरूलाई नजिकका स्वास्थ्य केन्द्रहरूमा उपचारका लागि लगिएको छ । बसमा सवार यात्रुहरूको यकिन सङ्ख्या भने सार्वजनिक गरिएको छैन ।

दुर्घटनापछि सार्वजनिक गरिएका तस्बिरहरूमा पहाडी खोलामा पल्टिएको बस लगभग पूर्ण रूपमा क्षतिग्रस्त अवस्थामा देखिएको छ, जसले दुर्घटनाको भयावहता झल्काएको छ ।

इथियोपियामा सडक दुर्घटनाहरू बारम्बार हुने गरेका छन् । यसको प्रमुख कारणमध्ये कमजोर सडक पूर्वाधार र सवारी सुरक्षाको अभावलाई लिइन्छ । अफ्रिकाको दोस्रो सबैभन्दा बढी जनसङ्ख्या भएको देश इथियोपियामा यस्ता घटनाहरू सामान्यजस्तै बनेका छन् ।

# अपि हिमालको काखमा क्रिकेट : ‘खेलबाट खुल्दै पर्यटनको नयाँ ढोका’

✍ नरेन्द्रसिंह कार्की

दार्चुला, १ असार । सुदूरपश्चिमको सबैभन्दा उचाइको सात हजार १३२ मिटर अग्लो अपी हिमाल वरिपरि सेताम्मे हिमशृङ्खला छन् । तल हरियो घाँसेमैदान । भेडाबाखाको बथानसँगै चरिरहेका देखिन्छन् । वरिपरि यार्सागुम्बा सङ्कलन गर्न पुगेका युवाहरूको चहलपहल ।

अपि हिमालको काखमा रहेको अपि बेसक्याम्प, त्यहाँको स्थानीय भाषामा ‘पिलकन्द पैदान’ भनेर चिनिने मैदानमा युवाहरू क्रिकेट खेलिरहेका छन् । त्यहीँ हिमालको काखमा गुन्जिने क्रिकेटको ब्याट र बलको आवाज अहिले दार्चुलाको अपि हिमाललाई नयाँ पहिचान दिने माध्यम बनेको छ ।

**भारतको पिथौरागढ हुँदै गाउँसम्म आइपुगेको क्रिकेट**

२०५९ सालतिर अपि हिमाल गाउँपालिकामा क्रिकेट भित्रिएको हो । त्यतिबेला गाउँका केही विद्यार्थी भारतको पिथौरागढमा अध्ययन गर्थे । जिल्लामा क्याम्पस नहुँदा युवाहरू भारतमा अध्ययन गर्न जाने गर्दछन् । विद्यालयमा क्रिकेट खेल्ने र हेर्ने क्रममा उनीहरू खेलसँग परिचित भए । घर फर्किएपछि उनीहरूले तत्कालीन खण्डेश्वरीको खात्तीस्थित ‘सम्तेली’ चौड मैदानमा क्रिकेट खेल्न सुरु गरे ।

पूर्वराष्ट्रिय क्रिकेट खेलाडी खडकसिंह लोथ्याल स्थानीय सरकार आएपछि गाउँमै खेलाडी उत्पादनभन्दा पूर्वाधार विकासमा मात्र जोड दिइएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, “खेल क्षेत्रका लागि स्थानीय सरकारको स्पष्ट नीति छैन । लगानी पनि योजनामै सीमित छ । खेल नबुझेका व्यक्तिलाई खेलकुद क्षेत्रको जिम्मेवारी दिँदा विकास सम्भव हुँदैन ।” खेलाडीलाई प्रोत्साहत नहुनु र क्लबहरूसँग समन्वयको अभावले गर्दा गाउँमा खेलकुदको अपेक्षाकृत विकास हुन नसकेको उहाँको भनाइ छ । “राज्यले खेल क्षेत्रलाई अपनत्व ग्रहण गर्न सके लगानीको सही प्रतिफल आउँथ्यो,” उहाँले भन्नुभयो ।

**यार्सागुम्बा टिप्ने मैदानमा क्रिकेट**

क्रिकेटको विस्तार गाउँदेखि हिमालतिर उक्लियो । यार्सागुम्बा सङ्कलनका लागि युवाहरू अपी बेसक्याम्प पुग्न थालेपछि त्यहाँ पनि क्रिकेट सुरु भयो । अपि हिमालको फेदमै पिलकन्द मैदान छ । अहिले चर्चा गरिएको त्यही ठाउँ अपि हिमालको वेश क्याम्पस छेउमा पर्छ । यो स्थानीयको पशुचौपाया, भेडाबाखा चरिचरन क्षेत्र पनि हो । यार्सागुम्बा सङ्कलन गरेपछि फुर्सदको समयमा मैदानमा क्रिकेट, भलिबललगायतका खेलको विकास हुन थालेको छ ।

**खेलसँगै पर्यटन ढोका खुल्दै**

अपि हिमाल गाउँपालिकाले अहिले क्रिकेटलाई खेलका रूपमा मात्र होइन, पर्यटन प्रवर्द्धनको माध्यमका रूपमा पनि हेर्न थालेको छ ।



गाउँपालिकाले स्वास्थ्य पर्यटन, कृषि पर्यटन, शिक्षा पर्यटन र खेल पर्यटनलाई प्राथमिकतामा राखेको छ । विशेषज्ञ स्वास्थ्य शिविर, योग-ध्यान कार्यक्रम, रैथाने बाली तथा अर्गानिक खानाको प्रवर्द्धन, स्वयम्सेवी शिक्षक कार्यक्रमदेखि उच्च हिमाली खेलकुद रङ्गशाला निर्माणसम्मका योजना बनाइएका छन् ।

अहिले यो अपि हिमाल वेश क्याम्पमा आन्तरिक तथा बाह्य गरी वार्षिक पाँच हजार पर्यटकले भ्रमण गर्ने गरेका छन् । अझै यसलाई १० हजार पर्यटकले घुम्नेसक्ने गरी विकास गर्ने लक्ष्य रहेको अध्यक्ष बोहरा बताउनुहुन्छ । अपिहिमाललाई सुदूरपश्चिमकै उत्कृष्ट गन्तव्य बनाउने योजना छ ।

**‘हाई अल्टिच्युड एडभेन्चर क्रिकेट रङ्गशाला’ निर्माण गरिँदै**

अपि हिमाल गाउँपालिका-४ मा रहेको सम्तेली चौडमा ‘हाई अल्टिच्युड एडभेन्चर पर्यटन क्रिकेट रङ्गशाला’ निर्माण गरिरहेको छ । चालू आर्थिक वर्षमा कूल सात करोड रूपैयाँ लागतमा क्रिकेट मैदान निर्माण भइरहेको हो । समुद्र सतहदेखि २४५० मिटर उचाइमा बन्ने यो खेल मैदान नेपालकै साहसिक एडभेन्चर र उच्च उचाइमा अवस्थित सम्भावनायुक्त क्रिकेट रङ्गशाला हुने अपेक्षा गाउँपालिकाले गरेको छ ।

**कसरी पुग्ने अपि हिमाल ?**

अपि हिमाल वेशक्याम्प पुग्न काठमाडौँबाट एक घण्टा हवाई दुरीमा धनगढी पुगिन्छ । धनगढी अतरियाबाट २६० किलोमिटर बस तथा जीपको यात्राबाट दार्चुलाको मार्मा गाउँपालिका लटिनाथसम्म पुग्न सकिन्छ । धनगढी अतरियाबाट दार्चुलाको मार्मासम्म पुग्न सहजै बस तथा जीपहरू नियमित चल्ने गर्छ । यो ठाउँको यात्रा १३ घण्टाको हुनेछ । बसहरू मार्मा गाउँपालिका लटिनाथसम्म जाने गर्छ भने जीप भेट्टाउनु भयो भने अपि हिमाल गाउँपालिकाको मकरीगाड हुँदै हाल अपिहिमाल गाउँपालिका-३ को काफलधारसम्म सहज रूपमा चल्छ ।

विश्वमै दुर्लभ बन्दै गएको यो क्षेत्र हिमाली पारिस्थितिक प्रणाली संरक्षणका दृष्टिले पनि उतिकै संवेदनशील छ । संरक्षणको पाटोलाई पूर्ण बेवास्ता गरिएका कारण केही वर्षयता भइरहेको अस्वभाविक दोहनले अस्तित्व नै सङ्कटमा पर्नै चिन्ता बढाएको छ ।

बढ्दो तापमान र अस्वाभाविक मौसमी परिवर्तनले हिमालहरू कालापहाडमा रूपान्तरण हुँदै गएका छन् भने अर्कोतिर जडीबुटी सङ्कलनका लागि बर्सेनि ठुलो सङ्ख्यामा हिमाली क्षेत्रमा पुग्ने मानिसले जथाभावी चोरीशिकार गर्ने, डढेलो लगाउने, फोहोर फाल्ने, वन फडानी गर्नेलगायतका गतिविधिले हिमाली क्षेत्रको जैविक विविधता सखाप हुने क्रममा छ । यसको संवेदनशीलतालाई हेरेर अपि नाम्पा संरक्षण क्षेत्रले समेत पर्यटन प्रवर्द्धनको क्षेत्रमा लगानी गर्नुपर्ने सरोकारवालाको भनाइ छ । ***रासस***


## गणेश माध्यमिक विद्यालय

मध्यपुर थिमि- ७, भक्तपुर

### शिलबन्दी कोटेसन आह्वानको सूचना

प्रथमपटक प्रकाशित मिति : २०८३/०३/०२

सामाजिक विकास मन्त्रालय, वाग्मती प्रदेशबाट विषयगत प्रयोगशाला स्थापना गर्न विनियोजित बजेट रू. १४,००,०००।- (अक्षरेपी चौध लाख रूपैयाँ मात्र) मा नपुग केही रकम यस विद्यालयले थप गरी सामाजिक विषय प्रयोगशाला स्थापना गर्न तपशिलबमोजिमका सामग्रीहरू आपूर्ति गर्न इच्छुक र योग्य इजाजत प्राप्त फर्म, कम्पनी वा सप्लायर्सहरूबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र विद्यालय प्रशासनमा आइपुग्ने गरी शिलबन्दी कोटेसन आह्वान गरिन्छ ।

➢ **आवश्यक सामग्रीहरू** : फर्निचरहरू, साउन्ड सीस्टम, स्मार्ट बोर्ड, विषयगत शैक्षिक सामग्रीहरू

(**नोट**: उल्लेखित सामग्रीहरूको स्पेसिफिकेसन र परिमाण विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।)

➢ **पेस गर्नुपर्ने आवश्यक कागजातहरू** : फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, PAN वा VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र, आधिकारिक दस्तखत र छापसहितको शिलबन्दी कोटेसन फाराम

(कोटेसन आंशिक वा पूर्ण रूपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विद्यालय प्रशासनमा सुरक्षित रहनेछ ।)

**सम्पर्क** : गणेश माध्यमिक विद्यालय, मध्यपुर थिमि-७, भक्तपुर
फोन नं.: ०१-६६३०३०६



“दिगो, विश्वासिलो र भरपर्दो संस्था”

## बालाखु गणेश बचत तथा ऋण सहकारी संस्था लि.

Balakhu Ganesh Saving & Credit Co-operative Ltd.

भक्तपुर नगरपालिका-२, ब्यासी, भक्तपुर, फोन नं. ०१-६६१९३४५, ९७४१८०२४३८

### गैह्र वित्तीय सम्पत्ति बिक्रीसम्बन्धी प्रथमपटक सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०३/०२ गते, मङ्गलबार

संस्थाको नाममा दर्ता कायम रहेको तपसिलको विवरण भएका घरजग्गा बिक्री गर्ने भएकोले सो घरजग्गा खरिद गर्न चाहने व्यक्ति एवम् सङ्घ संस्थाले आफूले खरिद गर्न चाहेको मूल्यसहित सूचना प्रकाशित मितिले १५ दिनभित्र निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

| जग्गाधनीको नाम | जग्गाको ठेगाना | वडा नं | कि. नं | क्षेत्रफल |
|---|---|---|---|---|
| बालाखु गणेश बचत तथा ऋण सहकारी संस्था लि.<br>ठेगाना : भ.न.पा.-२, ब्यासी, भक्तपुर<br>प्यान नं. : ३०२७५५२६० | भक्तपुर/झौखेल | ७ ङ | ६३८ | ०-७-०-० र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापातसमेत |

**सर्त तथा बन्देजहरू** :

१. माथि उल्लेखित घरजग्गा निरीक्षण गर्न चाहेमा वा सो घरजग्गाको मूल्यका विषयमा बुझ्न यस संस्थाको कार्यालय, भक्तपुर न.पा. २, ब्यासीमा सम्पर्क गर्न सकिनेछ ।
२. घरजग्गा खरिद गर्न चाहने व्यक्ति तथा सङ्घ संस्थाले आफूले खरिद गर्न चाहेको मूल्यको १०% रकम संस्थाको नामको सिटिजन्स् बैङ्क इन्टरनेसनल लि. भक्तपुर शाखाको खाता नं. ०३००१००००१८३२०१ वा नेपाल इन्भेस्टमेन्ट मेगा बैङ्क लि. सुकुलढोका शाखाको खाता नं. २५००१०५००००४९९ मा जम्मा गरेको भौचर संस्थामा पेस गर्नुपर्नेछ ।
३. घरजग्गा बिक्री गर्ने नगर्ने अन्तिम अधिकार संस्थामा निहित रहनेछ ।
४. सबैभन्दा बढी मूल्य राख्नेलाई घरजग्गा उपलब्ध गराइनेछ । पहिलो कबोलवालाको बाँकी ९०% रकम बुझाएर घर जग्गा नामसारी गरी नलिएमा दोस्रो कबोलवालालाई जग्गा दिन सक्नेछ ।



## भक्तपुर पर्यटन विकास बचत तथा ऋण सहकारी संस्था लि.

टुरिजम मार्केट, राममन्दिर, भक्तपुर, फोन नं. ०१-६६१४५०६/६६१४५५८


### कर्जा नतिर्ने ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउनेबारेको १५ दिने अत्यन्त जरूरी सूचना

यस संस्थाबाट कर्जा लिनुहुने तपसिलबमोजिमका ऋणी सदस्यहरूले संस्थाबाट लिएको कर्जाको सावाँ ब्याज हर्जाना तथा अन्य दै-दस्तुर रकम धनी संस्थासँग गरेको सर्तबमोजिम तिर्नु बुझाउनुपर्नेमा नतिरी नबुझाई कर्जासम्बन्धी सर्त कबुलियतको उल्लङ्घन गरेको तथा संस्थाले पटकपटक लिखित मौखिक पत्राचार गरी तारताकेता गर्दासमेत सावाँ ब्याजको रकम भुक्तानी वा नियमित गर्न नआएकोले १५ दिनको अत्यन्त जरूरी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थामा उपस्थित भई आफूले लगेको कर्जाको सावाँ ब्याज, हर्जना अन्य दै-दस्तुरसमेत सम्पूर्ण रकम चुक्ता गरी कर्जा फर-फारक गर्नु गराउनुहोला । तोकिएको समयभित्र पनि उल्लेखितअनुसार तिर्न बाँकी कर्जा रकम बुझाउन नआएमा कर्जाको सुरक्षणको लागि लेखिदिएको चलअचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ र यस संस्थाको कर्जा लगानी तथा असुलीसम्बन्धी नियमावलीअनुसार तथा ऋणी सदस्य, सोसँग सम्बन्धित अन्य पक्ष र धनी संस्थाबिच भए गरेको सर्त सम्झौताबमोजिम लिलाम बिक्री गरी वा ऋणी सदस्य तथा ऋणी कर्जाको साक्षी एवम् धन जमानी बस्ने व्यक्ति तथा सम्बन्धित अन्य पक्षहरूलाई प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरी आफ्नो लेना रकम असुलउपर गरी लिनेछ । साथै कालो सूचीमा नाम समावेश गर्नका लागी लेखिपठाइने व्यहोरासमेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं | ऋणीको नाम ठेगाना | धितो रहेको सम्पत्तिको विवरण |
|---|---|---|
| १. | नाम : छविलाल बोहरा<br>बुबा : शेरबहादुर बोहरा<br>बाजे : हर्कबहादुर बोहरा<br>श्रीमती : नरमाया घिमिरे<br>ठेगाना : हाल सूर्यविनायक न.पा. ८<br>**व्यक्तिगत धन जमानी** :<br>नाम: अम्बर पाण्डे<br>बुबा : उदिमबहादुर पाण्डे<br>बाजे : गरुधजव पाण्डे<br>श्रीमती : सुमित्रा पाण्डे | जग्गा धनीको नाम : नरमाया घिमिरे<br>बुबा : कविराज घिमिरे<br>बाजे : केवलबहादुर<br>पति : छविलाल बोहरा<br>जिल्ला भक्तपुर, साबिक सूर्यविनायक नगरपालिका सिपाडोल १ (ख) कित्ता नं २९८८ क्षेत्रफल ०-२-२-० को घर जग्गा समेत |
| २. | नाम : राजेन्द्र किबाछेँ<br>बुबा : रत्नबहादुर किबाछेँ<br>बाजे : कृष्णबहादुर किबाछेँ<br>ठेगाना : हाल सूर्यविनायक न.पा. कटुञ्जे ७<br>ना.प्र नं. : २९/१/१७९२<br>जारी मिति :२०४६/०३/२२<br>**व्यक्तिगत धन जमानी** :<br>नाम : सम्झनाकुमारी निरौला<br>बुबा : बिदुरप्रसाद निरौला<br>बाजे : काशीराम निरौला<br>श्रीमान् : राजेन्द्र किबाछेँ | १. नाम : जमुना अच्छामी<br>बुबा : भवानसिङ अच्छामी<br>बाजे : पदमसिङ अच्छामी<br>ससुरा : हवा अच्छामी<br>२. नाम : सृजना रम्तेल<br>बुबा : कृष्णबहादुर सार्की<br>बाजे : दिलबहादुर<br>३. नाम : राजेन्द्र किबाछेँ<br>बुबा : रत्नबहादुर किबाछेँ<br>बाजे : कृष्णबहादुर किबाछेँ<br>जिल्ला भक्तपुर, साबिक सूर्यविनायक नगरपालिका कटुञ्जे ७ (क) कित्ता नं ६१४ क्षेत्रफल ०-१४-३-३ को संयुक्त नाममा रहेका जग्गाहरू |
| ३. | नाम : सृजना रम्तेल<br>बुबा : कृष्णबहादुर सार्की<br>बाजे : दिलबहादुर सार्की<br>श्रीमान : सुरेश अछामी<br>ठेगाना : हाल सूर्यविनायक न.पा.५<br>ना.प्र नं. : २७१०६०/१३०७४८<br>जारी मिति :२०७१/०३/१३<br>**व्यक्तिगत धन जमानी** :<br>नाम : सुरेश अछामी<br>बुबा : कृष्णबहादुर अछामी<br>बाजे : टीकाबहादुर अछामी<br>ठेगाना : हाल सूर्यविनायक न.पा. ५<br>ना.प्र नं. : २९/०१/०६९/००२६९ | |

# हार्दिक समवेदना



**उत्तमप्रसाद वैद्य**

जन्मः २०१८/०२/१३ निधनः २०८३/०२/२१

यस संस्थाका अध्यक्ष **उत्तमप्रसाद वैद्य**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछ ।

**भक्तपुर उद्यमी बचत तथा ऋण सहकारी संस्था लि.**

सुकुलढोका-५, भक्तपुर

## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

संस्थाको ऋण सुविधा उपयोग गरौं

**किस्ताबन्दी ऋण**



सदस्यहरुको आवश्यकता पुर्तिका लागि निश्चित समय अन्तरालमा किस्ताबन्दी भुक्तानी गर्न ।

- मासिक किस्ताबन्दी भुक्तानीमा १५ वर्ष सम्मको अवधि ।
- त्रैमासिक किस्ताबन्दी भुक्तानीमा १० वर्ष सम्मको अवधि ।

**५.५% ब्याजदरमा**

हाललाई पचास लाख सम्मको लगानी

गतिविधि





पन्ध्रदिने मोटरसाइकल मर्मत तालिम र ४५ दिने चित्रकला तालिमको समापन कार्यक्रममा मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा र कार्यक्रमका सहभागीहरू ।(जेठ ३१)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE

*जाँचबुझ...*

मोटरसाइकलमा नेपालको झण्डा बोकी नाराबाजी गर्दै आएको समूह एक्कासि सिँहदरबार पश्चिम र दक्षिण गेटतर्फ प्रवेश गर्न खोज्दा स्वास्थ्य मन्त्रालय अगाडि रहेको बेरिकेट खडा गरी बेरिकेटलाई सपोर्ट हुने मैले Gas Gun थान-१ ऐ को सेल थान धान-३० सहित म बेरिकेडलाई सपोर्ट हुने गरी दोस्रो पङ्क्तिमा Gas Gun सहितको हतियार टोलीसँग भीडलाई सिंहदरबारतर्फ जान नमिल्ने गरी खटिएको थिएँ । बानेश्वरमा प्रदर्शनकारीहरू आक्रामक देखिएपछि कर्फ्यु आदेश जारी भएको र सो कर्फ्युबारे सबैलाई जानकारी गराई आ-आफ्नो वास स्थानतर्फ जाने अनुरोध गरेँ । थापागाउँको बाटो हुँदै बानेश्वर पुग्दा सेनाको टोलीले ड्युटी लिइसकेकोले अवस्था केही सामान्य भई प्रदर्शनकारीहरू छरिएर तितरवितर भइसकेको अवस्था थियो ।

भदौ २४ गते बिहान ७:३० बजेदेखि नै म C-66 सरको कमान्डमा प्रहरी वृत्त जनसेवा, काठमाडौँको कार्यालय सुरक्षार्थ खटिएको थिएँ । अन्दाजी ०९:०० देखि १०:०० बजेको समय करिब १ देखि २ हजार प्रदर्शनकारीहरूको समूहले प्लेकार्ड देखाई प्रदर्शन गरिरहेको थियो । त्यसै क्रममा सिद्धिचरण चोकमा करिब ५/६ वटा बुलेट मोटरसाइकलमा TOB र 'हामी नेपाल' लेखेको टिसर्ट लगाई आएका व्यक्तिहरू उक्त भिडमा प्रवेश गरी उच्छृङ्खल गतिविधिहरू गर्दै जुद्ध शालिकतर्फ आई प्रहरी कार्यालयमा ढुङ्गामुढा प्रहार गर्ने, बोतलमा तरल पदार्थ राखी पेट्रोल बम बनाई प्रहार गर्दै कार्यालय अगाडिको सडकखण्डबाहेक अन्य वरिपरिका व्यापारिक प्रतिष्ठान र कार्यालयको पर्खालबाट ढुङ्गामुढा प्रहार गरे । काठमाडौँको धेरै स्थानमा रहेको प्रहरी युनिटमा आगजनी गरी कार्यालयका हातहतियार लुटेको, प्रहरी कर्मचारीहरूलाई समेत मारेको खबर जानकारी पाएँ । प्रदर्शनमा उच्छृङ्खल व्यक्तिले हात हातमा रड, खुकुरी, डण्डा लिई प्रहरी कार्यालयमा समेत आगजनी गर्नुपर्छ भन्दै कार्यालयको गेट अगाडि आगो बाली, प्रदर्शन गरेको थियो । प्रहरी कार्यालय (प्रहरी कन्ट्रोल) को रेडियो सेटमा समेत बल प्रयोग नगर्ने, सम्झाईबुझाई गर्ने गोली नचलाउने, थुनुवाको लिस्ट तयार पारी थुनुवा छोडी दिएँ ।

अन्दाजी १६:३० बजे हुल बनाई हातमा रड, खुकुरी तथा विभिन्न घरेलु हातहतियार लिई प्रवेश गर्न प्रहरी वृत्त जनसेवा प्रवेश गर्ने विशाल बजार कम्पनीको गेट तोडफोड तथा आगजनी, गरी कार्यालयको हिरासतमा थुनुवालाई खोली छोडी कार्यालयको परिसरभित्रै आगजनी तोडफोड र लुटपाट गर्न थालेपछि जनसेवाका प्रहरी कर्मचारीहरूले प्रहरी हातहतियार, गोली गट्ठा र सञ्चार साधन बोरा, झोलामा राखी वसन्तपुर दरबारमा रहेको नेपाली सेना हाम्रो कार्यालयमा आई हामीहरूलाई चारैतिरबाट कभर गरी नेपाली सेना ब्यारेकमा लगेको थियो । त्यसपश्चात् प्रदर्शनकारीहरूले प्रहरी वृत्त जनसेवामा रहेका चारपाङ्ग्रे गाडी, कार्यालयको मोटरसाइकल, प्रहरी कर्मचारीको व्यक्तिगत सवारी साधनहरूमा आगजनी गर्दा जली नष्ट भएको प्रदर्शकारीहरूले पूर्ण रूपमा आगजनी गरेका थिए ।

## हार्दिक समवेदना



जन्म
२०१८/०२/१३

स्वर्गारोहण
२०८३/०२/२१

**उत्तमप्रसाद वैद्य**

भक्तपुर उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष एवम् सल्लाहकार **उत्तमप्रसाद वैद्य**को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा ब्रह्मलीन आत्माको ि चर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त ी भगवानसँग प्रार्थना गर्दै सम्पूर्ण परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कृष्णमुरारी न्यौपाने**
अध्यक्ष
एवम्
**भक्तपुर उद्योग वाणिज्य संघ परिवार**
भक्तपुर औद्योगिक क्षेत्र, ब्यासी, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा